# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १२९ | काठमाडौं | शनिबार, १४ भदौ २०८२ | Prabhab National Daily | Saturday, 30 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


मानवअधिकार आयोगको आग्रह

## संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याऊ

विस्तृत शान्ति सम्झौताको १९ वर्ष पूरा हुनलाग्दा पनि शान्ति सम्झौताबमोजिम बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक नहुनु र प्रभावितहरू लामो समयदेखि न्यायको पर्खाइमा रहिरहनु भनेको चिन्ताको विषय : **आयोग**




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले द्वन्द्व प्रभावितलाई विश्वासमा लिएर संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन सरकारसँग आग्रह गरेको छ। आयोगले नेपालमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वकालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था अझै पनि सार्वजनिक हुन नसकेको विषयलाई गम्भीररूपमा लिएर उक्त प्रकिया निष्कर्षमा पुऱ्याउन आग्रह गरेको हो।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिन (अगस्ट ३०)का अवसरमा आयोगले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्नसमेत माग गरेको छ।

'बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगले प्रभावितलाई विश्वासमा लिएर निष्पक्ष, विश्वसनीय र सक्षमरूपमा कार्य गर्न, बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्न/गराउन, यस आयोगका सिफारिसहरू कार्यान्वयन गर्नुपर्छ,' विज्ञप्तिमा भनिएको छ, 'बेपत्ता पार्ने कार्यमा संलग्न भएका व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउन र पीडितका परिवारलाई न्याय तथा परिपूरणको सुनिश्चितता गर्न आयोग नेपाल सरकार र सम्बन्धित सबै पक्षलाई निर्देशन गर्दछ।'

विस्तृत शान्ति सम्झौताको १९ वर्ष पूरा हुनलाग्दा पनि शान्ति सम्झौताबमोजिम बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक नहुनु र प्रभावितहरू लामो समयदेखि न्यायको पर्खाइमा रहिरहनु भनेको चिन्ताको विषय भएको आयोगको भनाइ छ। विस्तृत शान्ति सम्झौतामा द्वन्द्वकालमा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने भनी उल्लेख भएता पनि हालसम्म स्थिति सार्वजनिक नहुँदा प्रभावित परिवारको सत्यतथ्य जान्न पाउने अधिकार, सांस्कृतिक अधिकार र राहत तथा क्षतिपूर्तिको अधिकारसमेत उल्लंघन भएको आयोगको ठहर छ।

क्रमशः पृष्ठ २ मा

### 'संक्रमकालीन न्याय छिटो दिन सरकार लागिरहेको छ'

**काठमाडौं (प्रस)–** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संक्रमकालीन न्याय छिटो दिन सरकार निरन्तर लागिरहेको बताएका छन्। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले बलपूर्वक बेपत्ता पारिएका पीडितको अन्तर्राष्ट्रिय दिवसका अवसरमा शुक्रबार यहाँ आयोजना गरेको कार्यक्रममा मन्त्री चौरसियाले यस्तो बताएका हुन्।

'ऐन संशोधन भएपछि दुवै आयोगमा पदाधिकारी आएका छन्, नियमावली संशोधनको अन्तिम चरण छ, मन्त्रिपरिषद्मा पुगेको छ, छिटो न्याय दिन काम गर्नुस्, सरकार सहयोग गर्न तयार छ,' उनले भने। संक्रमणकालीन न्यायसम्बधी ऐन संशोधन भएर सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारीसमेत आइसकेको उनले बताए। मन्त्री चौरसियाले दुवै आयोगले तीव्र गतिमा काम अघि बढाउनुपर्ने र आवश्यक जनशक्तिका विषयमा छलफल भइरहेको बताए।

क्रमशः पृष्ठ २ मा

# घरजग्गा कारोबारमा कडाइ

## अनुमति नलिई कारोबार गरे २५ लाख जरिवाना, छ महिना कैद

- घरजग्गा कारोबार पारदर्शी नहुँदा नेपाल 'ग्रे-लिस्ट'मा परेको सन्दर्भमा व्यवसाय नियमन गर्नेगरी मालपोत नियमावली संशोधन गरेको सरकारको दाबी
- इजाजत लिँदा एक पटकमा पाँच करोड रुपैयाँसम्म कारोबार गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ नवीकरण दस्तुर र एक पटकमा पाँच करोड रुपैयाँभन्दा घटी वा बढी जतिसुकै रकमको कारोबार गर्ने व्यक्ति १० लाख रुपैयाँ दस्तुर तिर्नुपर्ने
- घरजग्गा कारोबारसम्बन्धी महत्त्वपूर्ण मानिएको 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२' पनि प्रतिनिधिसभाबाट बहुमतले पारित



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले घरजग्गा कारोबारका लागि लाइसेन्स अनिवार्य गरेको छ। घरजग्गा कारोबारलाई पारदर्शी बनाउन भन्दै सरकारले घरजग्गा कारोबारका लागि इजाजत लिनुपर्ने गरी मालपोत नियमावली संशोधन गरेको हो।

प्राकृतिक व्यक्तिबीच आपसी सहमतिमा गरिने खरिद बिक्रीबाहेक कुनै शुल्क लिई वा नलिई कसैको घर वा जग्गा खरिद वा बिक्री गर्न सहयोग गर्ने वा परामर्श दिने कामलाई घरजग्गा कारोबारका रूपमा परिभाषित गरिएको छ। ऐनको व्यवस्थाबमोजिम मालपोत नियमावली घरजग्गा कारोबारको इजाजतपत्रसम्बन्धी व्यवस्था थपिएको हो।

'प्राकृतिक र कानुनी व्यक्ति वा कानुनी व्यक्तिबीच घरजग्गासम्बन्धी कारोबार गर्न इजाजतपत्र लिन चाहने व्यक्तिले आवश्यक कागजातसहित निवेदन दिनुपर्ने छ,' बिहीबार राजपत्रमा प्रकाशित नियमावलीमा भनिएको छ, 'निवेदनउपर आवश्यक जाँचबुझ गर्दा घरजग्गासम्बन्धी कारोबार गर्न इजाजतपत्र दिन उपयुक्त देखेमा तोकिएको अधिकारीले इजाजतपत्र दिनुपर्ने छ।'

भूमि व्यवस्था मन्त्रालयले घरजग्गा कारोबार पारदर्शी नहुँदा नेपाल 'ग्रे-लिस्ट'मा परेको सन्दर्भमा व्यवसाय नियमन गर्नेगरी मालपोत नियमावली संशोधन गरिएको जानकारी दिएको छ। 'अहिलेसम्म घरजग्गा कारोबार सरकारको नियमनमा छैन। एफएटिएफले नै प्रश्न गरेको कारण घरजग्गा कारोबारलाई नियमनको दायरामा ल्याएर पारदर्शी बनाउन नियमावलीमा लाइसेन्सको व्यवस्था थपिएको हो,' मन्त्रालयका प्रवक्ता गणेश भट्टले भने।

नयाँ व्यवस्थाले घरजग्गामा कहाँबाट पैसा आइरहेको छ भनेर हेर्न सकिने बाटो खुल्ने भट्टले बताए। सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा पर्याप्त नीति तथा कानुन निर्माण र त्यसको कार्यान्वयन नगरेको भन्दै फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले २०८१ फागुनमा नेपाललाई ग्रे-लिस्टमा राख्ने निर्णय गरेको हो।

इजाजतपत्रका लागि घरजग्गासम्बन्धी कारोबार गर्ने उद्देश्य रहेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनीको हकमा कम्पनीको प्रबन्धपत्रको प्रतिलिपि, अद्यावधिक सेयर लगतको प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कम्पनी वा फर्मको पछिल्लो आर्थिक वर्षसम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि बुझाउनुपर्ने छ।

क्रमशः पृष्ठ २ मा

### भूमि विधेयक बहुमतले पारित

**काठमाडौं (प्रस)–** घरजग्गा कारोबारसम्बन्धी महत्त्वपूर्ण मानिएको 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२' प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ। शुक्रबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्रस्तुत गरेको उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्तावलाई प्रतिनिधिसभाको बैठकले बहुमतले पारित गरेको हो।

भूमिहीन दलित, सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन सहज हुनेगरी यो विधेयक ल्याइएको मन्त्री अधिकारीले बताए। 'सधैं जग्गा बाँड्ने र जथाभावी जसले पनि बस्ती बसाल्ने नीतिको अन्त्य गर्नका लागि यो विधेयक ल्याइएको हो,' मन्त्री अधिकारीले भने, 'भूमिहीन दलित र सुकुम्बासीलाई बसोबास गरेकै ठाउँमा जग्गा दिने व्यवस्था गरिएको छ। त्यो ठाउँ जोखिमयुक्त छ भने अन्यत्र पालिकामा समन्वय गरेर एकीकृत बस्ती बसालेर दिने हो।' विधेयकमा विभिन्न सकारात्मक प्रावधान रहेको उल्लेख गर्दै यसले वर्षौंदेखिको समस्या समाधान गर्ने विश्वास दिलाए।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## विदेशी कामदारलाई जागिर परिवर्तनको अनुमति दिने तयारीमा जापान



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जापानले आफ्नो परिमार्जित प्रशिक्षार्थी कार्यक्रमअन्तर्गत विदेशी कामदारलाई जागिर परिवर्तनको अनुमति दिने तयारी गरेको छ। पहिलो कार्यस्थलमा दुई वर्ष काम गरेपछि जागिर परिवर्तन गर्न अनुमति दिने तयारी गरिरहेको जापानी सञ्चारमाध्यमले उल्लेख गरेका छन्।

त्यहाँको सरकारी स्रोतका अनुसार १७ वटा क्षेत्रमध्ये सातवटामा कार्यरतलाई यो सुविधा दिने तयारी भएको जनाइएको छ। ती सातवटा क्षेत्रमा खाद्य सेवा, निर्माण, नर्सिङ, जहाज निर्माण र जहाज मेसिनरी, अटोमोबाइल्स मर्मतसम्भार, खाद्य तथा पेय पदार्थ उत्पादन र फोहोर व्यवस्थापन समावेश छन्। अन्य १० क्षेत्रमा भने जागिर परिवर्तन गर्नुअघि कम्तीमा एक वर्ष सोही कम्पनीमा बस्नुपर्ने छ।

विदेशी कामदारहरूलाई हालको तालिम योजनाले जागिर परिवर्तन गर्ने अनुमति दिएको छैन। उक्त प्रावधानले श्रमिकलाई लामो समयसम्म काम गराउने र कम ज्याला दिने गरेको भन्दै आलोचना भइरहेको छ। यो असहज नियमका कारण केहीले आफ्नो कार्यस्थल छोडेको उल्लेख गरिएको छ।

गत मार्चमा जापान सरकारले नयाँ 'सीप विकासका लागि रोजगार' कार्यक्रमको लागि आधारभूत नीति अनुमोदन गरेको थियो। हाल श्रम शक्तिको अभाव झेलिरहेको जापानले ल्याएको उक्त कार्यक्रमले विवादस्पद मानिएको हालको प्रशिक्षार्थी योजनालाई सन् २०२७ बाट प्रतिस्थापन गर्ने भनिएको थियो। नयाँ प्रणालीले कामदारहरूलाई तीन वर्षपछि थप स्थायी भिसामा रहेको 'निर्दिष्ट सीपयुक्त कामदार'का रूपमा परिवर्तन हुन मद्दत गर्ने छ।

विशेषज्ञ टोलीले छलफल गरेपछि मन्त्रिपरिषद्ले यसै वर्षभित्र योजनालाई अनुमोदन गर्ने अपेक्षा गरिएको छ। नयाँ योजनाअन्तर्गत कम्पनी परिवर्तन गर्ने कामदारको यात्रा शुल्कलगायत प्रारम्भिक खर्च पहिलो रोजगारदाताले व्यहोर्नुपर्ने छ। ज्याला बढी हुने सहरी क्षेत्रमा श्रमिकहरू केन्द्रित हुने परिपाटीलाई रोक्न टोकियो र ओसाकासहित आठ प्रान्तका कम्पनीहरूले कामदारको संख्या सीमित गर्नुपर्ने आवश्यकतासमेत औंल्याइएको छ।

## मानव बेचबिखनको आरोपमा कुवेतबाट निकालिए एक नेपाली

**काठमाडौं (प्रस)–** कुवेत सरकारले मानव बेचबिखन तथा आप्रवासी श्रमिक तस्करीको आरोपमा एक जना नेपालीलाई देश निकाला गरेको छ। त्यहाँको गृह मन्त्रालयले गरेको उच्चस्तरीय कारबाहीमा (के.श.) भनेर चिनिने एक नेपालीलाई देश निकाला गरेको अरब टाइम्समा प्रकाशित समाचारमा उल्लेख गरिएको छ।

ती व्यक्तिको अन्य विवरण भने खुलाइएको छैन। कुवेतमा गुपचुप बस्दै आएका ती व्यक्तिलाई नेपाली सुरक्षा अधिकारीहरूले यहाँको न्यायपालिकाले जारी गरेको प्रमाणसहितको अपराध विवरण र अन्तर्राष्ट्रिय ज्ञापनपत्र पठाएपछि कुवेतमा उनी समातिएको समाचारमा उल्लेख गरिएको छ।

विभिन्न प्रमाणहरूले आरोपित व्यक्तिको अध्यारो चित्र सार्वजनिक गरेको भनिएको छ। अभियुक्तले नेपाली नागरिकहरूमा भएको निराशा र दुःखको फाइदा उठाएको जनाइएको छ। युरोपतिर भाग्ने प्रयास गर्दा मृत्यु भएका धेरै नेपालीहरूको मृत्युमा उनले भूमिका खेलेको हुनसक्ने प्रश्नहरूसमेत उठेका छन्।

कुवेती गुप्तचरहरूले उनलाई बढी भीडभाड हुने जलिब जिल्लाबाट पक्राउ गरेको जनाइएको छ। गत मंगलबार साँझ ती अभियुक्तलाई काठमाडौंस्थित नेपाली अधिकारीहरूको जिम्मा लगाइएको थियो। अनुसन्धानकर्ताहरूले कुवेती भूमिमा उनले बेचबिखनसँग सम्बन्धित गतिविधि सञ्चालन गरिरहेको कुनै प्रमाण भने नभेटिएको जनाएका छन्। यदि त्यसो भएको भए उनले निस्कासनमा पर्नुअघि कुवेतमासमेत सजाय भोग्नुपर्ने थियो।




## पृष्ठ १ बाट क्रमशः

### घरजग्गा...

उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाललाई 'ग्रे लिस्ट' बाट छिटो बाहिर ल्याउन सरकारले गम्भीर प्रयास गरिरहेको थालेको बताए । राष्ट्रिय सभाको शुक्रबारको बैठकमा अर्थमन्त्री पौडेलले 'ग्रे लिस्ट'मा पर्नु मुलुकका लागि आर्थिक, वित्तीय र कूटनीतिक दृष्टिले हानिकारक भएको बताउँदै तत्काल सुधारात्मक कार्ययोजना बनाएर कार्यान्वयनमा लगिएको जानकारी दिए । 'कुनै पनि कारणले मुलुक ग्रे लिस्टमा पर्नु आर्थिक, वित्तीय एवं प्रतिष्ठाको दृष्टिकोणले उचित होइन । सरकार यो विषयमा स्पष्ट छ र यथाशक्य छिटो त्यसबाट बाहिर निस्कन सुधारात्मक कार्ययोजना बनाएर २०८२ सालदेखि लागू गरिसकेको छ,' अर्थमन्त्री पौडेलले भने । घरजग्गासम्बन्धी नियमावली संशोधन सुधारको पछिल्लो प्रयास भएको उनले बताए ।

अर्थमन्त्री पौडेलका अनुसार मुलुक 'ग्रे लिस्ट'मा पर्दा अन्तरदेशीय वित्तीय कारोबार, विप्रेषण प्रवाह, विदेशी लगानी र समग्र मुलुकको प्रतिष्ठामा दीर्घकालीन असर पार्नसक्ने जोखिम छ । सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐन, २०८० मार्फत १९ वटा ऐन संशोधन गरिएको छ । यस्तै, सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०८१ जारी गरी कार्यान्वयनमा ल्याइएको, सम्पत्ति शुद्धीकरण तथा आतंककारी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१-८२ देखि २०८५-८६) लागू गरिएको, शीघ्र सुधारात्मक कार्ययोजना, २०८२ स्वीकृत गरी कार्यान्वयनमा रहेकोलगायतका सुधारका काम भएको अर्थमन्त्री पौडेलले बताए ।

अर्थमन्त्री पौडेलले नेपाल 'ग्रे लिस्ट'मा पर्नु विगतका कमजोरीका कारण भएको भन्दै हाल आवश्यक कानुनी संरचना र कार्ययोजना प्रभावकार रूपमा अघि बढाइएको दाबी गरे ।

#### लाइसेन्स नलिई कारोबार गरे जरिवाना र कैद

इजाजत नलिई घरजग्गा कारोबार गरे २५ लाख रूपैयाँ जरिवाना र छ महिना कैद सजाय हुने व्यवस्था नियमावलीमा उल्लेख छ । सम्पत्ति शुद्धीकरण निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० मार्फत मालपोत ऐनमा यस्तो व्यवस्था गरेको थियो । यसै व्यवस्थाअनुसार मालपोत नियमावली पनि संशोधन गरिएको हो ।

यसरी इजाजत लिँदा एक पटकमा पाँच करोड रूपैयाँसम्म कारोबार गर्ने व्यक्तिलाई पाँच लाख रूपैयाँ नवीकरण दस्तुर र एक पटकमा पाँच करोड रूपैयाँभन्दा घटी वा बढी जतिसुकै रकमको कारोबार गर्ने व्यक्ति १० लाख रूपैयाँ दस्तुर तोकिएको छ ।

यसरी लिइएको इजाजतको अवधि सकिनुभन्दा ३५ दिनअघि नै चार लाखदेखि आठ लाख रूपैयाँ दस्तुर बुझाइहाल्नुपर्ने भएको छ । इजाजत लिँदा धरौटीको रूपमा व्यक्तिले ५० हजार रूपैयाँ र संस्थाले दुई लाख रूपैयाँ बैंक ग्यारेण्टी राख्नुपर्ने व्यवस्थासमेत गरेको छ ।

■■■

### भूमि विधेयक...

यसअघि उक्त विधेयक संसद्को कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफल भएर फर्किएको थियो । विधेयकले खासगरी देशभरका ११ लाख बढी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा बाँड्न तथा घरजग्गा कारोबार गर्ने व्यवसायीलाई हदबन्दीभन्दा धेरै जग्गाको किनबेचका लागि खुला गर्ने विषयमा केन्द्रित रहेको छ ।

प्रतिनिधिसभाबाट पारित भएसँगै अब उक्त विधेयक राष्ट्रिय सभामा जाने छ । राष्ट्रिय सभाले उक्त विधेयक पारित गरी फिर्ता गरेपछि प्रतिनिधिसभाले प्रमाणीकरणका राष्ट्रपतिसमक्ष पठाउने व्यवस्था छ । राष्ट्रपतिबाट प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएपछि उक्त विधेयकले ऐनको मान्यता पाउने छ ।

■■■

### संक्रमणकालीन...

'बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा आयोगमा परेका उजुरीहरूमा आयोगले छानबिन गरी दोषीलाई कारबाही, प्रभावित परिवारलाई क्षतिपूर्ति र बेपत्ता भएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्नका लागि सरकारलाई पटक-पटक गरी २२६ वटा सिफारिस गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'आयोगमा अझै पनि उजुरीहरू विचाराधीन छन् । तर आयोगका सिफारिसहरूको कार्यान्वयन अवस्था भने निराशाजनक हुनुले सरकार बेपत्ता पारिएका व्यक्तिहरूको न्यायका सन्दर्भमा जिम्मेवार हुन नसकेको आयोगको ठहर छ ।'

संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरू पटक-पटक गठन भएता पनि ती आयोगहरूबाट कार्य पूर्ण नहुँदै समयावधि समाप्त हुने अवस्था रहनु चिन्ताको विषय भएको र अहिले बनेको बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले प्रभावितहरूलाई विश्वासमा लिएर संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउनुपर्दछ भन्नेमा आयोग दृढ रहेको जनाएको छ ।

■■■

### 'संक्रमकालीन...

उनले सरकारले दुवै आयोगलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले व्यक्ति बेपत्ता पार्ने व्यक्तिलाई सरकारले कारबाही गर्नुपर्ने र पीडितलाई न्याय दिन माग गरे । उनले संक्रमकालीन न्यायसम्बन्धी आयोगलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगकी अध्यक्ष लीलादेवी गडतौलाले संक्रमणकालीन न्याय प्रक्रिया लामो भएको हुनाले द्वन्द्वका घाउमा मलम लगाउन ढिलाइ भएको स्वीकार गरिन् । उनले द्वन्द्वका समयमा बेपत्ता भएका व्यक्तिको तथ्यांकमा एकरूपता नभएकाले तथ्यांक एकरूपता गर्ने काम भइरहेको तथा तीव्र रूपमा काम गरिरहेको जानकारी दिइन् । कार्यक्रममा सहभागी पीडितहरूले न्याय प्रक्रियामा ढिलाइ भएको, प्रतीक्षा लामो भएकोलगायत गुनासो गरेका थिए ।

# प्रहरी अतिरिक्त महानिरीक्षक शर्माको बिदाइ



**काठमाडौं (प्रस)**- नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) कृष्णहरि शर्मालाई बिदाइ गरिएको छ । शुक्रबार प्रहरी प्रधान कार्यालयमा आयोजित एक कार्यक्रमका बीच प्रहरी महानिरीक्षक दीपक थापाले प्रहरी सेवाबाट सेवानिवृत्त हुन लागेका शर्माको बिदाइ गरेका हुन् ।

बिदाइ समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक थापाले सेवानिवृत्त हुन लाग्नुभएका प्रहरी अतिरिक्त महानिरीक्षक शर्माले संगठनबाट सुम्पिएको जिम्मेवारी उच्च व्यावसायिकता, संगठनप्रतिको निष्ठा, लगनशीलता र इमानदारिताका साथ सम्पन्न गरेको चर्चा गरे ।

सो अवसरमा प्रहरी महानिरीक्षक थापाले सेवानिवृत्त हुन लागेका प्रहरी अतिरिक्त महानिरीक्षक शर्मालाई मायाको चिनो प्रदान गरेका थिए । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक शर्माले आफ्नो सेवा अवधिमा गरेका कार्यहरूको अनुभवसहितको मन्तव्य व्यक्त गरेका थिए ।

सेवानिवृत्त हुन लागेका प्रहरी अतिरिक्त महानिरीक्षक शर्मा २०५२ साल कात्तिक २७ गते प्रहरी निरीक्षक पदमा नियुक्त भई प्रहरी सेवामा प्रवेश गरेका थिए । प्रहरी अतिरिक्त महानिरीक्षक शर्मा उमेरहदका कारण यही भदौ १५ गतेबाट सेवानिवृत्त हुन लागेका हुन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०५/१४**

**राम्रो ग्रुप प्रा.लि.**को मिति २०८२/०५/०४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **राम्रो घरजग्गा ग्रुप प्रा.लि. (दर्ता नं. ३३५१९४)** कायम गर्ने गरी मिति २०८२/०५/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०५/१४**

**भेटेरीनरी एण्ड एग्रिकल्चर नेपाल सर्भिस प्रा.लि.**को मिति २०८२/०४/१६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि.एम.बि. भेटेरीनरी हस्पिटल प्रा.लि. (दर्ता नं. २६९८६६)** कायम गर्ने गरी मिति २०८२/०५/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/०९/२७ मा दर्ता भएको **प्रा. लि. नं. ६९४९८** को **नेपाः इन्टरनेशनल होलिडेज ट्राभल्स एण्ड टुर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Mass Holdings Pvt. Ltd.** कम्पनीले **INDIA** बाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Industrial Washer Extractor Machine 30Kg | 1260 X 1300 X 1750MM | Fabcare | AWXE30 | 30 KG | INDIA | PCS | 1650000.00 | 1650000.00 | |
| २ | Industrial Drying Tumbler Machine | 1050 X 1525 X 1980MM | Fabcare | DTE 30 | 30 KG | INDIA | PCS | 650000.00 | 650000.00 | |
| ३ | Industrial Flatwork Ironer Machine | 2380 X 570 X 1100MM | Fabcare | FIE160 | 1.6 M | INDIA | PCS | 990000.00 | 990000.00 | |

बिक्रेताको फर्मको नामः **Mass Holdings Pvt. Ltd.** — स्थायी लेखा नंः **606560816**
ठेगानाः **Dhumbarahi, Kathmandu** — फोन नंः **9802305411**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७६/०४/२० मा दर्ता भएको प्रा.लि.नं. २२०५१२ को **मेडिलाइफ सोलुसन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Saudi Nepal Recruitment Agency Pvt. Ltd.** (ई.प.नं. ७९७/०६५/०६६) मा कार्यरत **विनिता भण्डारी** (**ना.प्र.प्र.नंः ६६-०१-७७-०४५३७**) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम इजाजत नं. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/५/१४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ११६ को २०२९.१२ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**श्रृजना सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - ६, मकवानपुर**

गोकर्णेश्वर नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
जोरपाटी, काठमाडौं

## विद्यालयको सञ्चालक परिवर्तन सम्बन्धमा ३५ दिनको दाबी विरोध सम्बन्धी सूचना

शान्ति समाज तथा शैक्षिक प्रतिष्ठान प्रा.लि., गोकर्णेश्वर ५ ले विद्यालयको सञ्चालकहरू श्री मुकुन्द बराल, गोकर्णेश्वर ५, काठमाडौं साविक जोरपाटी ७ काठमाडौं), श्री ऋषिकेश बराल, गोकर्णेश्वर ५, काठमाडौं (साविक जोरपाटी २, काठमाडौं), श्री गोकुल प्रसाद बराल, गोकर्णेश्वर ५, काठमाडौं (साविक जोरपाटी २, काठमाडौं), श्री सन्तोष बराल, गोकर्णेश्वर ५, काठमाडौं (साविक जोरपाटी २, काठमाडौं) र श्री बरदान बराल, गोकर्णेश्वर ५, काठमाडौं (साविक जोरपाटी २, काठमाडौं । समेत ५ जनाको नाममा रहेकोमा अबउप्रान्त श्री दिप मल्टिट्रेडिङ, मल्टिइन्भेस्टमेन्ट एण्ड मल्टिसर्भिसेस प्रा.लि. को नाममा कायम गर्न माग भई निवेदन प्राप्त भएकोले सोसम्बन्धमा कोही कसैको दाबी विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सप्रमाण उजूरी पेश गर्ने सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयसिमाभित्र उजुरी पेश नभएमा माग बमोजिम नियमानुसार भई जाने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## कतारमा रोजगार

कम्पनी : AL SHAFEEQ SERVICES AND TRANSPORTATION
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330249 — चलानी नं. ६०२४४०८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Room Cleaner | 0 | 2 | 1000 | ३८,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Marketing Represnt | 1 | 0 | 2500 | ९६,१५५ | | | | | | | |
| 3 | Office Cleaner | 0 | 1 | 1000 | ३८,४६० | | | | | | | |
| 4 | Receptionist | 0 | 2 | 2500 | ९६,१५५ | | | | | | | |
| 5 | Room Service Supervisor | 0 | 1 | 2500 | ९६,१५५ | | | | | | | |
| 6 | Supervisor | 0 | 1 | 2500 | ९६,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम इजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

## साउदीमा रोजगार

कम्पनी : WASEEL MAINTENANCE AND CLEANING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330282 — चलानी नं. ६०२४४०८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING CLEANING WORKER | 10 | 0 | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

## साउदीमा रोजगार

कम्पनी : FATIMA BINT HASSAN BIN MOHAMMED AL MUBARAK GENERAL CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330290 — चलानी नं. ६०२४४०४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1200 | ४४,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SYNNET INTERNATIONAL PVT.LTD.**
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company — Certified No. 70902

## कतारमा रोजगार

कम्पनी : HHTHE FATHER EMIR PRIVATE OFFICE.
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330256 — चलानी नं. ६०२४४०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 3 | 0 | 1000 | ३८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
श्रम इजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा रोजगार

कम्पनी : BDULLAH AL OTHAIM MARKETS COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०५/०१ — LT. No. 330189 — चलानी नं. ६०२४३९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Packing Worker | 25 | 0 | 1000 | ३७,३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YOUNG MANPOWER PVT.LTD.**
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

## कुवेतमा रोजगार

कम्पनी : BUTTERFLY KUWAITI CO. FOR SWEETS & PASTRIESW.L.L.
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330117 — चलानी नं. ६०२४४०४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver (Nepali License) | 2 | 0 | 150 | ६४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Restaurant (Kitchen Helper) | 8 | 3 | 100 | ४५,८३० | | | | | | | |
| 3 | Cleaners (Indoor) | 2 | 0 | 90 | ४१,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Clean One General Contracting Est.
पूर्व स्वीकृति मिति : २०८२/०५/१२ — LT. No. 330231 — चलानी नं. ६०२४३९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaner | 1 | 0 | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Roof Cleaning Worker | 1 | 0 | 1500 | ५५,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २२ गते (7th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/ 4589323, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम इजाजत नं. ११०८/०७३/०७४

## ओमनमा रोजगार

कम्पनी : United Golden Footprint
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330269 — चलानी नं. ६०२४४०८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब OR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Electrician | 3 | 0 | 150 | ५४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BABY ANGEL INTERNATIONAL PVT. LTD.**
Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1- 4561353 / 9801029271
E-mail: info@babyangelintl.com.np, babyangelintl@gmail.com, Web : www.babyangelintl.com.np
Govt. License 940/067/068

## साउदीमा रोजगार

कम्पनी : AHLA BAYTZA ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330179 — चलानी नं. ६०२४३९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : STEADY ROUTES Support Services Company
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330190 — चलानी नं. ६०२४३९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६७,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ITHMAR AGRICULTURE COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330178 — चलानी नं. ६०२४३९९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 6 | 0 | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २२ गते (7th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

# सामाजिक सुरक्षाभत्ता पाउने सेवाग्राही खोज्दै स्थानीय तह

■ प्रतीक्षा आले

**गोरखा–** गाउँलेको अत्यधिक बसाइँसराइ भएपछि गोरखाका गाउँपालिकाहरूको सेवा दिने तौरतरिका पनि फेरिन थालेको छ । अहिले गाउँपालिकाले सामाजिक सुरक्षाभत्ता पाउने सेवाग्राही खोज्दै कर्मचारीलाई गोरखा बजार, चितवन र काठमाडौंमा खटाउन थालेका छन् ।

बारपाक सुलिकोट गाउँपालिका, सिरानचोक, अजिरकोट, धार्चे, चुमनुब्री र आरुघाट गाउँपालिकाले गोरखा बजार, काठमाडौं र चितवनका सहरमा पुगेर सामाजिक सुरक्षाभत्ताको कार्ड नवीकरण शिविर सञ्चालन गरेका हुन् । सिरानचोक गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ठाकुरप्रसाद अर्यालका अनुसार कर्मचारीको टोली खटाएर विभिन्न मितिमा सहरमा शिविर सञ्चालन गरिएको छ ।

'काठमाडौंमा साउन ३०, ३१, भदौ १ र २ गते घुम्ती शिविर सञ्चालन गरेर सामाजिक सुरक्षाभत्ता नवीकरण गरियो, जसबाट २५० जनाले सेवा लिए । चितवनमा यही बिहीबार र शुक्रबार शिविर सञ्चालन भएको छ । चितवनको धुम्ती शिविरबाट कम्तीमा पनि ३०० जनाले सेवा लिने हाम्रो अनुमान छ' उनले भने । पालिकाले काठमाडौंको वनस्थली चोक र चितवनको भरतपुर महानगरपालिका-११ शान्तिटोलमा सामाजिक सुरक्षाभत्ता नवीकरण शिविर सञ्चालन गरेको हो ।

गाउँपालिकाका अधिकांश वृद्धवृद्धा औषधोपचारका लागि काठमाडौं तथा चितवनजस्ता सहरहरूमा बस्दै आएकाले पालिकाले उतै पुगेर सामाजिक सुरक्षाभत्ता नवीकरण गरेको प्रमुख प्रशासकीय अधिकृत अर्यालले बताए । उनका अनुसार पालिकाले सहरमै पुगेर यसरी घुम्ती शिविर सञ्चालन गरेको यो पहिलोपटक हो । 'वृद्धवृद्धा गाउँमा आउनुपर्दा उनीहरूलाई गाह्रो हुने भयो । कतिपय त ह्वीलचियरसहित आउनुपर्ने अवस्था छ । हाम्रा अधिकांश पालिकावासी काठमाडौं र चितवनमा बसोबास गर्नुहुन्छ त्यसैले त्यहीं पुगेर घुम्ती शिविर सञ्चालन गरेका हौं,' अर्यालले भने । शिविरमा एकजना एमआइएस अपरेटर, एकजना वडासचिव र जनप्रतिनिधि खटिएका उनको भनाइ छ ।



सिरानचोक गाउँपालिकाका अधिकांश वृद्धवृद्धा छोराछोरीको सहारा खोज्दै काठमाडौं, चितवनमा बसोबास गर्न गएका छन् । कतिपय भने औषधोपचारका लागि ती सहरमा बस्दै आएको अर्यालले बताए । उनीहरू गाउँमा आउनुभन्दा पालिका नै उता जानु सजिलो हुने भएकाले सामाजिक सुरक्षाभत्ता नवीकरण गराउन उतै गएको उनको भनाइ छ । पालिकाले सहरमै पुगेर यसरी घुम्ती शिविर सञ्चालन गरेको यो पहिलोपटक हो । गाउँपालिकाको चार हजार ८०० जना नागरिकले सामाजिक सुरक्षाभत्ता लिने गरेकामा आधाभन्दा धेरै पालिका बाहिर बसोबास गर्दै आएका छन् ।

सिरानचोकले जस्तै बारपाक सुलिकोट गाउँपालिकाले पनि काठमाडौं र चितवनमा घुम्ती शिविर सञ्चालन गरेको छ । पालिकाले यही साउनको अन्तिम साता काठमाडौं र चितवनमा सामाजिक सुरक्षाभत्ता नवीकरणका लागि शिविर सञ्चालन गरेको हो । आफ्ना नागरिक बसोबास गरेकै ठाउँमा पुगेर सामाजिक सुरक्षाभत्ता नवीकरणका लागि शिविर चलाएको पालिकाले जानकारी दिएको छ ।


बारपाक सुलिकोटले साउन २६ र २७ गते चितवन तथा साउन २९ देखि ३१ गतेसम्म काठमाडौंमा शिविर सञ्चालन गरेको प्रमुख प्रशासकीय अधिकृत सुवास आलेमगरले बताए । जसबाट ४२५ जनाले सेवा लिएका उनले जानकारी दिए । चितवनमा भएको शिविरमा १२९ जना र काठमाडौं २९६ जनाको सामाजिक सुरक्षाभत्ता नवीकरण गरिएको छ । नवीकरण गराउनेमा २४१ महिला र १८४ पुरुष छन् ।

गाउँपालिकाका करिब छ हजार नागरिकले सामाजिक सुरक्षाभत्ता लिने गरेका छन् । तीमध्ये आधाभन्दा बढी पालिका बाहिर रहेको आलेले जानकारी दिए । तीन हजारमात्र गाउँमा छन् । बाँकी ५०० जना गोरखा बजारमा, एक हजार जति चितवन र एक हजार ५०० जना काठमाडौंमा बसोबास गर्ने उनले सुनाए ।

चुमनुब्री गाउँपालिकाले पनि काठमाडौं र जिल्ला सदरमुकाम गोरखामा घुम्ती शिविर सञ्चालन गरी सामाजिक सुरक्षाभत्ताको कागजात नवीकरण गरेको प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताए । विकट मानिने धार्चे गाउँपालिका पनि घुम्ती शिविर गर्ने तयारीमा छ । यही भदौ १५, १६ र १७ गते जिल्ला सदरमुकाममा सामाजिक सुरक्षाभत्ता नवीकरणका लागि घुम्ती शिविर सञ्चालन हुने पालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान सुनारले बताए । शिविरबाट ६०० जनाले सेवा लिने पालिकाको अनुमान छ ।

अजिरकोट गाउँपालिकाले साउन २८ र २९ गते चितवनमा र साउन ३० र ३१ गते काठमाडौंमा शिविर आयोजना गरेको थियो । जिल्लाको आरुघाट गाउँपालिकाले पनि काठमाडौंमा घुम्ती शिविर गरेको छ । पालिकाले साउन १६, १७, १८ र १९ गते शिविर सञ्चालन गरेको थियो । जसबाट २३५ जनाले सेवा लिएका छन् । हरेक वर्ष भत्ताका लागि लाभग्राही सूची नवीकरण गर्नुपर्ने व्यवस्था छ । बसाइँसराइ तथा उपचारका लागि सहर झरेकाको समस्यालाई मध्यनजर गरी सहरमै शिविर सञ्चालन गरेर कार्ड नवीकरण गरिएको प्रमुख प्रशासकीय अधिकृतहरूको भनाइ छ । *रासस*

## 'समानुपातिक निर्वाचन प्रणाली हटाइए संविधानको मूल मर्म नै मर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समानुपातिक समावेशी निर्वाचन प्रणालीमा जनमत सिर्जना गर्नुपर्ने बेला आएको बताएका छन् ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले शुक्रबार आयोजना गरेको पुस्तक लोकार्पण समारोहलाई सम्बोधन गर्दै मन्त्री गुरुङले समानुपातिक समावेशी निर्वाचन प्रणाली हटाइयो भने संविधानको मूल मर्म नै मर्ने हुँदा यसका पक्षमा जनमत सिर्जना गर्नुपर्नेमा जोड दिए ।

नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङका अनुसार पछिल्लो समय समावेशी र समानुतापतिक प्रणालीलाई नेताहरूले नै कमजोर बनाउन लागेकाले त्यसको बचाउ गर्न सम्बद्ध पक्ष एक हुनुपर्ने बताए । 'कतिपय नेताहरूकै बुझाइमा राजनीतिक स्थायित्व नहुनुमा समावेशी प्रणाली बाधक हो भन्ने छ,' उनले भने, 'जुन तर्कसंगत छैन । स्थिर सरकारको बाधक समावेशी पक्ष होइन, बरु नेताहरूको कार्यशैलीमा सुधार ल्याउन आवश्यक छ ।'

लामो समयसम्म गरिएको संघर्ष र त्यागपछि मुलुककमा संघीय शासन प्रणाली कायम भएको उल्लेख गर्दै सरकार निर्माणका क्रममा अझै पनि समावेशी प्रणाली लागू हुन नसकेको उनले बताए । आदिवासी जनजातिको 'मुभमेन्ट' सामाजिक र सांस्कृतिक क्षेत्रमा मात्रै केन्द्रित भएको बताउँदै उनले अब राजनीतिक र आर्थिक गतिविधिलाई पनि जोड दिनुपर्ने धारणा राखे । मन्त्री गुरुङले संघीयता आएपछि सीमान्तकृत समुदायले के-कस्ता उपलब्धि हासिल गरे भन्ने विषयमा तथ्यतथ्याङ्कसहित अध्ययन गर्न सुझाव दिए ।

कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले आदिवासी जनजातिका विषयमा राज्य संवेदनशील नभएको गुनासो गर्दै आदिवासी, जनजातिको हकअधिकार सुरक्षित एवं सुनिश्चित गर्न आवश्यक अध्ययन, अनुसन्धान, छलफल, पैरवी गरी अझ प्रभावकारी र सुदृढ संस्थाका विकास गर्न सक्दो प्रयास भइरहेको जानकारी दिए ।

प्रतिष्ठानले आदिवासीका विषयमा अध्ययन गर्नेमात्रै नभएर आदिवासीको हक हितलाई सुरक्षित राख्ने अभिन्न अंगको रूपमा काम गरिरहेको उनले बताए । 'आदिवासी जनजाति प्रतिष्ठानलाई अझै बलियो र प्रभावकारी बनाउनुपर्नेमा उल्टै हटाउनुपर्ने धारणा राख्नु आदिवासी जनजातिप्रतिको असंवेदनशील बुझाइ हो,' उपाध्यक्ष गुरुङले भने ।

आदिवासी जनजाति विषयसँग सम्बन्धित विभिन्न पुस्तक सार्वजनिक गरिएको सो कार्यक्रममा प्रा.डा. कृष्ण हाछेंथु, प्रा.डा. योगेन्द्र गुरुङलगायतले आदिवासी जनजातिको अवस्था र पहिचानबारे विश्लेषणात्मक विचार राखेका थिए ।

## अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा मुद्दा दायर

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गैरकानुनीरूपमा सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गरी अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा नापी कार्यालय भैरहवा रूपन्देहीका कार्यरत नापी अधिकृत सुग्रीव यादवविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

राजनीतिक व्यक्ति र माथिल्लो विभागीय प्रमुखलाई प्रभावमा पारेर नापी अधिकृत प्रमुख रहने दरबन्दी रिक्त बनाई वर्षौंसम्म निमित्त कार्यालय प्रमुखका रूपमा रही यादवले गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको आयोगले ठहर गरेको छ । आयोगले यादव सार्वजनिक पदमा प्रवेश गरेको २०५३ असार १३ गतेदेखि २०८१ असार १६ गतेसम्मको अवधिको परीक्षण गरेको थियो ।

सो अवधिमा यादवले विभिन्न आयमार्फत नौ करोड तीन लाख ९५ हजार रूपैयाँ वैध सम्पत्ति आर्जन गरेको देखिएको छ । सो अवधिमा यादवले १४ करोड ८३ लाख ५७ हजार रूपैयाँबराबरको खर्च तथा लगानी गरेको देखिन आएको छ । वैध आय र खर्चबीचको पाँच करोड ७९ लाख ६२ हजार रूपैयाँबराबरको सम्पत्तिको स्रोत खुल्न नसकेको आयोगको ठहर छ ।

आयोगले पाँच करोड ७९ लाख ६२ हजार रूपैयाँबराबरको बिगो दाबी गर्दै शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति यादवले श्रीमती गायत्री यादव, छोराहरू सुधान्सु यादव र शुभम यादवका नाममा राखेको पाइएको आयोगले दाबी गरेको छ । आयोगले उनीहरूविरुद्ध पनि प्रतिवादी कायम गर्दै मुद्दा दायर गरिएको सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/०५/०७ गते ललितपुर जिल्ला, ल.म.न.पा वडा नं.०२ सानेपा रेडियन्स स्कुल स्थित भित्री सार्वजनिक सडक खण्डमा पार्किङ गरिराखेको कालो/रातो रङ्को पल्सर मोटरसाइकल रातको अन्दाजी १०:०० बजेको समय देखि २०८२/०५/०८ गते बिहान ४ बजेसम्मको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम : हुलास अटोक्राफ्ट
ऋणीको नाम : आईतराम तामाङ
बाइक नं.: बा.प्र. ०२-०५८ प ४८०८
च्यासिस नं.: MD2AllCX4SPB71552
इन्जिन नं. : DHXPSB47511
ठेगाना : धादिङ, बेनीघाट, रोराङ
सम्पर्क नं. ९८४८५६२७६६



**कुवेतमा रोजगार**

कम्पनी : KHABZA COMPANY FOR SNACKS COLD AND HOT BEVERAGES — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ — चलानी नं.: ६०२४४०६१ — LT.No.: 330194

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BAKER | 8 | 0 | स. काममा दक्ष | 150 | ६८,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GOLDEN SUMMIT GENERAL CLEANING, CONTRACTING FOR BUILDING, CITIES & ROADS — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०५/११ — चलानी नं.: ६०२४४०६५ — LT.No.: 330012

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Indoor (Female) | 0 | 5 | सम्बन्धित काममा दक्ष | 100 | ४५,८०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaning Labour -Indoor | 5 | 0 | | 100 | ४५,८०३ | | | | | | | |

कम्पनी : WOW MILKY INTERNATIONAL FOOD CATERING COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ — चलानी नं.: ६०२४४०६३ — LT.No.: 330193

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Labour -Indoor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४५,८०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 16 | 0 | | 120 | ५४,९६३ | | | | | | | |

**युएईमा रोजगार**

कम्पनी : BAYT ALFAJAR TECHNICAL SERVICES — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ — चलानी नं.: ६०२४४०५९ — LT. No.: 330305

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Const. Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason For Plaster./ Block | 2 | 0 | | 1500 | ५७,१३५ | | | | | | | |
| 3. | STEEL FIXER | 2 | 0 | | 1500 | ५७,१३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २२ गते (7 September, 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्न र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82
MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com



**कतारमा रोजगार**

कम्पनी : ROAD LINE TRADING AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ — LT. No. 330168 — चलानी नं. ६०२४४०१९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 2 | 0 | 2500 | ९६,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 4 | 0 | 1000 | ३८,४६० | | | | | | | |
| 3 | Pipefitter | 2 | 0 | 1200 | ४६,१५५ | | | | | | | |
| 4 | Reinforce Fitters | 1 | 0 | 1200 | ४६,१५५ | | | | | | | |
| 5 | Tile Maker | 1 | 0 | 1200 | ४६,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

कम्पनी : AL GHROUP CLEANING
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ — LT. No. 330169 — चलानी नं. ६०२४४०१६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ३८,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason For Plaster ./ Block | 10 | 0 | 1200 | ४६,१५५ | | | | | | | |

कम्पनी : QATAR BUILDING ENGINEERING CO.
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ — LT. No. 330020 — चलानी नं. ६०२४४०१७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1100 | ४२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ELECTRIC TECH | 30 | 0 | 1100 | ४२,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः गल्फ ट्रेनिङ सेन्टर, धनुषा, जनकपुरमा मितिः २०८२ भदौ २६ गते (11 Sep. 2025) मा हुनेछ ।
मधेश ट्रेनिङ सेन्टर, धनुषा, जनकपुरमा मितिः २०८२ भदौ २७ गते (12 Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75
CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com



**साउदीमा रोजगार**

कम्पनी : ABDUL AZIZ SULAIMAN AL AFALIQ FARM
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330245 — चलानी नं.६०२४४००४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-HOUSSAIN & AL-AFALIQ CO.
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330246 — चलानी नं.६०२४४००३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Driver ( Truck Mixer) | 12 | 0 | 1800 | ६७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Forklift Driver/operator | 1 | 0 | 1500 | ५५,९८० | | | | | | | |
| 3 | General Worker/factory Worker | 1 | 0 | 1000 | ३७,३२० | | | | | | | |
| 4 | Factory Production Workers | 2 | 0 | 1000 | ३७,३२० | | | | | | | |
| 5 | Manufacturing Worker | 3 | 0 | 1000 | ३७,३२० | | | | | | | |
| 6 | Cleaner General | 1 | 0 | 1000 | ३७,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


License No.: 646/063/064
Career International Services (P.) Ltd.
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



**युएइमा रोजगार**

कम्पनी : ALZAHRA HUMAN TECHNICALSERVICES CO.
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330239 — चलानी नं.६०२४४०६९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1200 | ४६,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL NAQSHA CARPENTRY AND PLASTER WORKS L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330238 — चलानी नं.६०२४४०७०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1500 | ५७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labouers | 4 | 0 | 1000 | ३८,४०५ | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 4 | Plumber Assistant | 2 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 5 | Scaffolder | 2 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 6 | Steel Fixer | 1 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 7 | STONE MASON | 3 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 8 | TILE LAYER | 1 | 0 | 1500 | ५७,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1657/080/81
AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com



**जापानमा रोजगार**

कम्पनी : MIRAI RIDO KYOUDOU KUMIAI
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 330260 — चलानी नं. ६०२४४०५०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION EQUIPMENT | 3 | 0 | 182000 | १,७३,१८५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
■ १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) Govt. License No. 1440/074/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com



**युएइमा रोजगार**

कम्पनी : BELRESHEED BUILDING CONTRACTING
पूर्व स्वीकृति मिति : २०८२/०२/०८ — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१३ — LT. No. 322222 — चलानी नं. ६०२३६४०३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Mason, Bricks | 8 | 0 | 1000 | ३८,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Painter | 4 | 0 | 1000 | ३८,१३० | | | | | | | |
| 3 | Assistant Plumber | 2 | 0 | 1000 | ३८,१३० | | | | | | | |
| 4 | Assistant Upholstered | 5 | 0 | 1000 | ३८,१३० | | | | | | | |
| 5 | Brick Mason | 2 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 6 | Building Painters | 1 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 7 | Carpenter | 4 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 8 | Cleaner / Public Building | 10 | 0 | 800 | ३०,५०० | | | | | | | |
| 9 | Cleaners Male | 12 | 0 | 800 | ३०,५०० | | | | | | | |
| 10 | Construction Labour(Builder) | 6 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 11 | Electricians: Skilled | 5 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 12 | Labour (Building Projects) | 1 | 0 | 800 | ३०,५०० | | | | | | | |
| 13 | Ordinary Labours | 2 | 0 | 800 | ३०,५०० | | | | | | | |
| 14 | Painter | 5 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 15 | Steel Fixer | 3 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 16 | Tile Layer | 11 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 17 | Worker Blacksmith | 1 | 0 | 1200 | ४५,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १०९३/०७३/०७४
Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

# अकबरेबाटै लाखौं आम्दानी



देउरालीमा मात्र २०० रोपनीमा खुर्सानीखेती हुँदै आएको छ । कृषकले अहिले प्रतिकेजी २२० रूपैयाँमा सहकारीमा खुर्सानी बिक्री गर्दै आएका छन् । वडा कार्यालयलेसमेत कृषिलाई जोड दिँदै आएको वडाअध्यक्ष ओमप्रकाश पोखरेलले बताए ।

साउन महिनामा यहाँका किसानले तीन हजार ३९० केजी र भदौ महिनाको पहिलो साता एक हजार ६७ केजी अकबरे उत्पादन गरेका छन् । उक्त उत्पादित खुर्सानी बाहिर निकासी गरिसकिएको सहकारीका व्यवस्थापक खिमबहादुर घर्तीले बताए । उनका अनुसार यो वर्ष ५०० क्विन्टल खुर्सानी निकासी गर्ने लक्ष्य राखिएको छ ।

रामचन्द्र रायमाझी/पाल्पा

रिब्दीकोट गाउँपालिका-२ देउरालीकी सावित्रा पौडेल यस वर्ष अकबरे खुर्सानीबाट पाँच लाख रूपैयाँभन्दा बढी आम्दानी गर्ने योजनामा छिन् । वन्यजन्तुले हैरान पारेपछि वैकल्पिक खेतीका रूपमा अकबरेको खेती थालेकी उनले भदौको पहिलो सातासम्म ६६ हजार रूपैयाँको ३०० केजी खुर्सानी बिक्री गरिसकेकी छन् । अझै चार लाख ५० हजार रूपैयाँको अकबरे फलेको उनको अनुमान छ ।

उनले पाँच रोपनी क्षेत्रफलमा अकबरे खुर्सानी लगाएकी छन् । उनलाई श्रीमान् सन्दीप पौडेललेसमेत साथ दिँदै आएका छन् । पौडेलले भनिन्, 'मेरो श्रीमान् तीन वर्ष मलेसिया र डेढ वर्ष दुबईमा बसेर गाउँमै केही गर्नुपर्छ भनेर आउनुभयो, अहिले दुवै जना मिलेर खुर्सानी खेती गर्दै आएका छौं ।' उनले आफूहरूलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (जोन) मार्फत कृषि सामग्रीसँगै प्रविधि सहयोग भएको र बजारीकरणका लागि सहकारीबाट ठूलो सहयोग मिलेको बताइन् ।

देउरालीकै बाबुराम अधिकारीले पनि तीन वर्षदेखि कृषि व्यवसायी गर्दै आएका छन् । उनले यस वर्ष भदौको पहिलो सातासम्ममा ८८ हजार रूपैयाँको चार क्विन्टल खुर्सानी बिक्री गरिसकेका छन् । लामो समय भारत बसेर फर्किएका अधिकारीले गत वर्ष कृषि उपजबाटै पाँच लाख रूपैयाँ आम्दानी गर्न सफल भएका थिए । यस वर्ष खुर्सानी बिक्रीबाट पाँच लाख रूपैयाँभन्दा बढी आम्दानी गर्ने योजना रहेको उनको भनाइ छ ।

मिहेनत गरे गाउँमै वार्षिक पाँच/सात लाख रूपैयाँ कमाउन सकिने अधिकारीले बताए । उनले भने, 'पैसा कमाउनकै लागि विदेश नै जानु पर्दैन । मैले पनि भारतमा लामो समय बिताएँ, त्यहाँ वर्षमा दुई लाख रूपैयाँजति कमाई भए पनि खासै बचत हुँदैनथ्यो । तर अहिले घरमै बसेर वार्षिक चार-पाँच लाख रूपैयाँ सजिलै कमाइरहेको छु ।' उनले अघिल्लो दुई वर्षभन्दा डेढ गुणाले भाउ आएको बताए । 'भाउ पाइएको मात्र छैन, बिक्री गर्नसमेत सहज भएको छ,' उनले भने, 'भाउ पहिल्यै निर्धारण भएकाले पनि बिक्री गर्न सजिलो भएको छ ।'

देउरालीकै सुनिल विकले पनि विगत तीन वर्षदेखि खुर्सानी खेती गर्दै आएका छन् । उनले गत वर्ष पाँच लाख रूपैयाँको खुर्सानी बिक्री गरेको बताए । विकले यस वर्ष चार लाखको खुर्सानी बिक्री गर्ने लक्ष्य लिएका छन् । उनले अहिलेसम्म दुई लाखको खुर्सानी बिक्री गरिसकेको बताए । पौडेल, अधिकारी र विक मात्र होइन, यस वडाका ९७ कृषकले अकबरे खुर्सानीबाट राम्रो आम्दानी गरिरहेका छन् ।

यस वडाबाट दुई महिनामा नौ लाख ८० हजार बढीको अकबरे खुर्सानी निकासी भएको छ । साउन र भदौ महिनाको पहिलो हप्तासम्ममा चार हजार ४५७ केजी अर्थात् (४४ क्विन्टल ५७ केजी) खुर्सानी निकासी भएको हो । यहाँका किसानले उत्पादन गरेको खुर्सानी देवीस्थान बहुउद्देश्यीय सहकारी संस्थाले संकलन गरी उक्त परिमाणमा खुर्सानी बाहिर पठाएको छ ।

साउन महिनामा यहाँका किसानले तीन हजार ३९० केजी र भदौ महिनाको पहिलो साता एक हजार ६७ केजी अकबरे उत्पादन गरेका छन् । उक्त उत्पादित खुर्सानी बाहिर निकासी गरिसकिएको सहकारीका व्यवस्थापक खिमबहादुर घर्तीले बताए । उनका अनुसार यो वर्ष ५०० क्विन्टल खुर्सानी निकासी गर्ने लक्ष्य राखिएको छ । यसअघि हार्थोक संकलन केन्द्रबाट अकबरे निकासी हुँदै आए पनि गत वर्षदेखि किसानले यही सहकारीमार्फत बिक्री गर्दै आएका छन् । यहाँ गत वर्ष तीन हजार ४०० किलो खुर्सानी निकासी गरिएको सहकारीका व्यवस्थापक घर्तीले बताए ।

जोनले खुर्सानी खेतीका लागि अनुदान, बीउ वितरण, प्लास्टिक टनेल, सिँचाइका लागि पाइप वितरण, पोखरी निर्माण र प्राविधिक सहयोग गर्दै आएको र सहकारीले उत्पादनको बजारीकरण गरिदिएपछि यहाँका किसानहरू अकबरे खुर्सानीतर्फ आकर्षित भएका हुन् । खुर्सानीबाट यहाँका किसानले एक लाखदेखि १० लाख रूपैयाँसम्म आम्दानी गर्न सफल भएका छन् ।

जोनले चाक्लबन्दी खुर्सानी खेतीका लागि यहाँका किसानलाई अनुदानमा कृषि सामग्रीहरू उपलब्ध गराउँदै आएको छ । किसानलाई खुर्सानीमा आत्मनिर्भर बनाई आर्थिकरूपमा सक्षम बनाउने उद्देश्यले नौ लाख ९९ हजार रूपैयाँ अनुदान उपलब्ध गराइएको कार्यालयका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत गणेशप्रसाद यादवले बताए । उनले भने, 'किसानलाई प्रोत्साहन गरेर सुरुआत गरेको अकबरे अहिले व्यावसायिक बनेको छ । यहाँका कृषकहरूले उत्साहजनकरूपमा खुर्सानी उत्पादन गर्दै आएका छन् ।'

विगत तीन वर्षदेखि यहाँको पालिकाभरि नै जोनमार्फत किसानलाई सहयोग गरिँदै आएको प्रमुख यादवले बताए । कार्यालयले यहाँका व्यावसायिक कृषकहरूलाई घरमै गई प्राविधिक सहयोगसमेत गर्दै आएको छ । सुरुआतका दिनमा प्राविधिक ज्ञानको अभावका कारण यहाँका कृषकले कम उत्पादन गरे पनि अहिले बेला-बेलामा प्राविधिक सरसल्लाह दिने गरेका कारण उत्पादनमासमेत वृद्धि हुँदै गएको जोनका कृषि अधिकृत सरोज पोखरेलले बताए । गत वर्षको तुलनामा यस वर्ष उत्पादनमा वृद्धि हुने उनको भनाइ छ ।

अधिकृत पोखरेलले भने, 'पहिले-पहिले कषकहरूले खुला जग्गामै खुर्सानीखेती गर्ने प्रावधान थियो, जसले गर्दा झार र किराले ग्रस्त भएर सोचेजस्तो उत्पादन हुन सकेको थिएन, त्यस्तो समस्यालाई सम्बोधन गर्ने गरी हामीले यसपालि सबै कृषकलाई मल्चिङसहित खुर्सानी लगाउन प्रेरित गऱ्यौं, जसले गर्दा झार र रोगबाट केही हदसम्म खेती जोगाउन सक्दा कृषकले उत्पादन बढाउन सक्नुभएको छ ।' पहिले खुर्सानी लगाउँदा कति दूरीमा लगाउने, के कस्ता विषादी, सूक्ष्म खाद्य तत्वहरू राख्ने भन्ने कुराको कृषकलाई ज्ञान नहुँदा पनि उत्पादन वृद्धि हुन नसकेको अवस्थामा जोनमार्फत खेतबारीमै पुगेर प्राविधिक ज्ञान दिएका कारण पनि यस वर्ष अझ उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको उनले बताए ।

कृषकहरूले उत्पादन गरेको खुर्सानीको बजारीकरणमासमेत कुनै पनि समस्या नरहेको जोनका सूचना अधिकारी भीमसेन नेपालले बताए । उनले भने, 'यहाँका कृषकहरूलाई बजारीकरणको कुनै समस्या छैन, यहाँको सहकारीमार्फत कृषि उपज बजारसम्म पुग्छ ।' बजारीकरण नहुँदा पहिले अत्यन्तै समस्या भोगेका कषकहरूले अहिले सहकारीमार्फत बजारीकरण हुन थालेपछि उत्साहका साथ व्यावसायिक खेतीमा लागेको संकलन केन्द्र तथा देवीस्थान बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद पौडेलले बताए ।

जोनले अनुदान दिएसँगै खेतीको बेलाबेलामा अनुगमन गरेका कारण कृषकहरू खुर्सानीतर्फ आकर्षित भएको उनले उल्लेख गरे । कृषकले उत्पादन गरेको खुर्सानी यशोदा फुड कम्पनीसँग सम्झौता गरी पठाउने गरेको सहकारीका सचिव भीमलाल अधिकारीले बताए । उनले भने, 'कृषकले सहकारीसम्म कृषि उपज बोकेर ल्याउनुहुन्छ । बजारका लागि हामी तत्कालै कम्पनीमा पठाइदिहाल्छौं । बजारको त्यस्तो कुनै समस्या छैन ।'

देउरालीमा मात्र २०० रोपनीमा खुर्सानीखेती हुँदै आएको छ । कृषकले अहिले प्रतिकेजी २२० रूपैयाँमा सहकारीमा खुर्सानी बिक्री गर्दै आएका छन् । वडा कार्यालयलेसमेत कृषिलाई जोड दिँदै आएको वडाअध्यक्ष ओमप्रकाश पोखरेलले बताए । उनले भने, 'हामीले यस वर्ष वडामा कृषि कार्यक्रमका लागि नौ लाख रूपैयाँ बजेट विनियोजन गरेका छौं, कृषकहरूको मागका आधारमा कार्यक्रम गर्नेछौं ।'

जोन र वडा कार्यालयबीच सल्लाह गरेर कसले कुन क्षेत्रमा के काम गर्ने भनी कार्यक्रम बनाइने अध्यक्ष पोखरेलको भनाइ छ । उनले भने, 'अहिले जोनले खुर्सानीमा काम गर्दै आएको छ, हामीले त्योभन्दा फरक क्षेत्रमा काम गर्नेछौं ।'

देउरालीमामात्रै होइन, रिब्दीकोट गाउँपालिकाका आठवटै वडाका एक हजार ५०० किसानले अकबरे खुर्सानीबाट राम्रो आम्दानी गरिरहेका छन् । विगतमा अदुवाले चर्चा पाउने रिब्दीकोटका किसानले अहिले खुर्सानीबाट मनग्य आम्दानी गरिरहेका छन् । रिब्दीकोट गाउँपालिकामा अकबरेबाट छदेखि १० करोड रूपैयाँसम्म नगद भित्रिने गरेको बताइएको छ । खुर्सानी विस्तारका लागि गाउँपालिकालेसमेत कृषकलाई सहयोग गर्दै आएको छ । यहाँका कृषकलाई थप उचित बीउको प्रबन्ध, सिँचाइको सुविधा, प्राविधिक ज्ञान दिने हो भने अकबरे खेती थप विस्तार हुने देखिन्छ । *रासस*

# पाँच कलाकारका कला

## काठमा बालुवा भरेको थाङ्कादेखि धार्मिक र मिथिला कलासम्म



नारायण दुंगाना/काठमाडौं

प्रायः क्यानभास वा आर्ट पेपरमा चित्र सिर्जना हुन्छ । तर काठमा पनि क्यानभासमाझैं महसुस हुने कला कोर्ने अभ्यास निक्कै नौलो हो । यसमाथि रङ पोतेर होइन, बालुवा चालेर । त्यो पनि थाङ्का कला सिर्जना गर्न दृश्यचित्र उतार्नभन्दा निक्कै कठिन काम हो । नयाँ-नयाँ कलाको अभ्यास गर्न रुचाउने कलाकार छेपालदोर्जे शेर्पाले यसपालि ठमेलमा भइरहेको कला प्रदर्शनीमा त्यही नौलो प्रस्तुति दिएका छन् ।

सिसौको काठमा उनले पहिले रेखा कोरे । यसमा गम लगाए । फरक-फरक रङ मिसाएर तयार पारिएको रंगीन बालुवा चुहाएर उनले मण्डला तयार पारे । मण्डलाकोबीच भागमा हरित तारा (ग्रिनतारा) बनाएका छन् ।

ठमेलस्थित छायाँ सेन्टरमा रहेको 'द कला सलोन'मा पाँच जना कलाकारमध्ये शेर्पाको एउटामात्रै कला प्रस्तुत भएको छ, 'हरित तारा मण्डला' । झट्ट हेर्दा 'वाउ लाग्ने' कला क्यान्भासमा बनाइएको ठानिए पनि चित्र काठको फल्याकमा रंगीन बालुवाको प्रयोग गरी सिर्जना गरिएको हो । बालुवामा पनि थाङ्काको प्रभाव राम्ररी प्रस्तुत गर्न कलाकार सक्षम देखिन्छन् । मण्डलाजस्तो कला पनि बालुवाबाट बनाइएको सिर्जना हेर्न लायक छ ।

उनी भन्छन्, 'केही नयाँ दिउँ भनेर यो कला सिर्जना गरिएको हो, धार्मिक मान्यताअनुसार नै बालुवाको यो थाङ्का तयार पारिएको हो ।' विविधता बोकेको नेपालमा कलाको पनि विविधता रहेको छ । थाङ्का पौभाजस्ता मौलिक परम्परागत कलाका साथै थारु, अवधि, मिथिलाजस्ता लोककला तथा आधुनिक, समसामयिक कलाले नेपाललाई चिनाइरहेको छ । यस्तै कलाकृतिहरूसँग बनेको छ यहाँको कला प्रदर्शनी 'द हिमालयन नाउ' ।

ठमेलस्थित 'द कला सलोन'मा जारी प्रदर्शनीमा ३२ थान कलाकृतिहरू सजिएका छन् । प्रदर्शनी संयोजक अर्का कलाकार उमेश श्रेष्ठका आठ थान कलाकृति प्रदर्शनीमा राखिएका छन् । घण्टीलाई मुख्य विषय बनाइ आफ्नो भावना पोख्ने श्रेष्ठले प्रदर्शनीमा धार्मिक विषयलाई समाजसँग जोडेर कला सिर्जना गरेका छन् । उनका द होली किस, लिभिङ गणेश, विट्विन डिभोसन एण्ड सर्कल, दोलखाको भीमसेन, कुमारीजस्ता चित्रमा नेपाली कलामा आधुनिक चेतको आभाष पाउन सकिन्छ । उनी भन्छन्, 'नेपाली समसामयिक तथा आधुनिक कलामा आफ्नोपन कसरी ल्याउने अभ्यास भएका कलालाई कसरी आधुनिकरूपमा परिभाषा गर्ने भन्ने सोच रहेकाले हिमालयनलाई जोडेर पहिचान विश्वमा पुऱ्याउने भेरो प्रयास हो ।' उनले यो विषयमा सिरिजमा कला प्रदर्शनी गर्ने योजना रहेको सुनाए ।

नेपाली समसामयिक कलालाई पुनःपरिभाषित गरेर नेपाली कलालाई विश्व पहिचान दिने यात्रामा लागेको उनले बताए । १३ वर्षअघिको एउटी युवतीको वास्तविक कथालाई उतारेर उनले 'प्रणय दिवस' शीर्षकमा चोखो माया के हो त भनेर प्रस्तुत गरेका छन् । आफ्नै घरमा डेरा गरेर बसेका केटासँग ती युवतीको लभ पर्छ । दुई वर्ष जीवित रह्यो । त्यसपछि खटपट भयो । तर पनि ती केटीले उसका लागि उपहार दिनका लागि कुरिरहेकी हुन्छिन् । चिमा ती युवती हिउँ परिरहेका बेला पनि केटालाई उपहार दिन कुरिरहेको दृश्य निक्कै मार्मिक लाग्छ ।

अर्की वीरगञ्जकी कलाकार राखी कर्णका १० वटा कलाकृतिमा मिथिला कलाको सुगन्ध पाइन्छ । उनले विष्णुलोक, दश अवतार, राधाकृष्ण, मयुर, भगिरथ गंगा, छिन्नमस्ताजस्ता विषयमा कलाकृति सिर्जना गरेका छन् । भगिरथ गंगा जब पहिलोपटक धर्तीमा अवतरण गर्दा, गंगाले भनिन्, 'मेरो भार धर्तीले थाम्न सक्दैन, त्यसकारण भागीरथले तपस्या थाल्नुभयो, भगवान् शंकरले आफ्नो जटाले साथ दिएर थाम्नुहुन्छ भनेपछि भागिरथ गंगा धर्तीमा अवतरण गर्नुभएको धार्मिक विषयलाई उहाँले मिथिला कलाको सुगन्धका साथ प्रस्तुत गर्नुभएको छ ।'

अर्को कलामा कलाकार कर्णले प्रायः सुतिरहने नारायणको जागृत मुद्रालाई समेटेर प्रस्तुत गरेकी छन् । अर्को कलामा बुद्धका जन्म, बाल्यकाल, घर छाडेको र देहावसानलाई एउटै क्यान्भासमा समेटेकी छन् । उनी भन्छिन्, 'टिपिकल मिथिला आर्टबाट अलिकति फरक कन्सेप्चुअल आर्टलाई अगाडि बढाउँदै छु, दुनियाँको अगाडि मिथिला कला राम्रो मूल्यमा पठाउन सकिन्छ भन्ने उद्देश्य मेरो हो, कलरलाई पनि खेलाएर प्रस्तुत गरेकी छु ।' सानैमा भित्तामा कला कोरेर कला सिर्जनामा लागेकी कर्ण १० वर्षदेखि भने क्यान्भासमा कला भर्दै आएकी छन् । उनले यसमा मिथिलालाई फचूजन गरेकी छन् । मिथिला आर्टको विशेषता स्टोरी टेलिङ हो अनि कला आकर्षक हुन्छ । त्यही कलालाई आर्ट भ्यालु जोडेर उनले नयाँ प्रयोग गरिरहेकी छन् ।

त्यस्तै कलाकार शुभाद्री शुभाले पनि मिथिला शैलीमै ११ थान कला प्रदर्शनीमा राखेकी छन् । उनका कलामा माछा, कृष्ण बाललिला, मयुर, दश अवतारजस्ता विषयलाई समावेश गरेका छन् । यस्तै कलाकार कुमार थापाका दुई थान आधुनिक मूर्ति राखिएका छन् । मुर्तिहरू 'स्टेनलेस स्टिल'बाट बनाइएको छ । विविध धारमा बगिरहेको कलामा नेपालीपनको खोजी प्रदर्शनीको उद्देश्य रहेको प्रदर्शनी संयोजक उमेश श्रेष्ठ बताउँछन् । उनी भन्छन्, 'यसै कारण विविध विधामा काम गरिरहेका कलाकारलाई एकै स्थानमा ल्याउने प्रयास गरिएको हो ।' सो स्टुडियोले प्रदर्शनीको संयोजन तथा योजना बनाएको जनाउँदै श्रेष्ठले जारी प्रदर्शनी आगामी भदौ २४ गतेसम्म रहने बताए । *रासस*



**उद्यमी महिला** | संखुवासभाको सदरमुकाम खाँदबारी नगरपालिका-१ स्थित देवकोटा चोकमा रहेको अल्लो कपडा उद्योगमा तान लगाएर अल्लोको कपडा बुन्दै उद्यमी महिला। *तस्बिर: भविन कार्की/रासस*

# धरौटीमा छुटेका कर्मचारी अदालतकै काममा हाजिर !

**पर्सा (प्रस)–** पकाहाँ मैनपुर गाउँपालिका वडा नं. २ का अनिलकुमार कुशवाहा ज्यान मार्ने उद्योग मुद्दामा संलग्न भएको अभियोगमा फरार रही अदालतमा हाजिर भएर धरौटीमा रिहा भएका थिए। करिब एक महिनाअघि पर्सा जिल्ला अदालतले उनलाई ७० हजार रूपैयाँ धरौटीमा रिहा गरेको हो।

धरौटीमा छुटेका कुशवाहा बिहीबार पुनः पर्सा जिल्ला अदालतकै लेखा शाखामा कर्मचारीको रूपमा हाजिर भएका छन्। एकातिर ज्यान मार्ने उद्योगजस्तो गम्भीर मुद्दामा आरोप लागेका व्यक्ति धरौटीमा छुटेर पुनः त्यही अदालतमै काममा खटिनुले न्यायिक प्रक्रियामाथि नं शंका उब्जाएको छ। धरौटीमा छुटेपछि मुद्दा खेपिरहेका व्यक्तिलाई पुनः सोही निकायकै काममा संलग्न गरिनु न्यायिक प्रक्रियाको निष्पक्षतामाथि प्रश्न उठ्ने विषय भएको नागरिक समाजका अगुवाको धारणा छ। 'आरोप लागेका व्यक्तिलाई सोही कार्यालयमै जिम्मेवारी दिनु न त उचित हो, न त पारदर्शिता कायम हुने अवस्था छ,' एक जना सामाजिक अगुवाले भने।



आफूविरुद्ध चलिरहेको मुद्दामा प्रभाव पार्नकै लागि कुशवाहा हाजिर भएको आशंका उनले गरे। यसरी न्यायिक निकायमै मुद्दा खेपिरहेका व्यक्तिलाई कार्यरत राख्नु भनेको अनुसन्धान र सुनुवाइको निष्पक्षता कमजोर पार्ने खतरा भएको सरोकारवालाहरूको भनाइ छ।

यता, पर्सा जिल्ला अदालतका श्रेस्तेदार प्रभाकर मलिक भने उनी काममा फर्कँदैमा न्यायिक प्रक्रियामा प्रभाव नपर्ने बताउँछन्। 'उनी लेखा शाखामा कार्यरत भएकाले न्यायिक निकायको मूल निर्णय प्रक्रियासँग प्रत्यक्ष सम्बन्ध राख्दैनन्। तर, उनको गतिविधिमाथि निगरानी गरिने छ,' उनले भने। कानुनका जानकारहरूले धरौटीमा छुट्नु दोषमुक्त हुनु होइन, केवल थुनामुक्त हुनुमात्रै हो। त्यसैले यस किसिमका संवेदनशील मामिलामा अदालत आफैं बढी सावधान हुनुपर्नेमा उनीहरूले जोड दिएका छन्।

# मौसमअनुसार परिवर्तन हुने ताप्लेजुङको 'छ्यो थांगी छ्यो पोखरी'

■ दिलकुमार लिम्बू

**फुङ्लिङ (ताप्लेजुङ)–** मिक्वाखोला गाउँपालिका-५ यासा (लोदेन) स्थित छ्यो थांगी छ्यो पोखरी पछिल्ला दिनमा पर्यटकको रोजाइमा पर्दै गएको छ। विस्तारै प्रचारप्रसार हुन थालेसँगै आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्दै गएको हो।

सो पोखरी समुद्र सतहबाट चार हजार ४०० मिटर उचाइमा रहेको छ। स्थानीयवासीका अनुसार पोखरीले मौसमअनुसार रङ बदल्ने गर्दछ। कहिले आकाशजस्तै नीलो हुन्छ भने कहिले रातो हुने गरेको छ। पछिल्लो समय यस क्षेत्रको प्रचारप्रसार हुन थालेसँगै पर्यटक आउन थालेका यस क्षेत्रमा पथप्रदर्शक गर्ने पान्दे शेर्पाले जानकारी दिए। यहाँ घुम्न आउने पर्यटक पूर्वको मुस्ताङ उपनाम दिने गरेको उनले बताए। यस क्षेत्रमा पर्यटकलाई राम्रो सेवासुविधा दिन सके धेरै पर्यटक प्राकृतिक सुन्दरतामा घुम्न आउने उनले जानकारी दिए। तर अहिले यहाँ आउने पर्यटकले सेवासुविधा नभए पनि घुम्न आउने क्रम बढ्दै गएको जनाइएको छ।

स्थानीयवासी वाङ्गे शेर्पाका अनुसार स्थानीय थोक्प्या समुदायहरूको स्थानीय भाषाअनुसार छ्यो (पोखरी) थांगीको अर्थ (टार) छ्यो (पोखरी) यसको पूरा अर्थ पोखरी भएको टार हुन्छ। तर पछिल्लो समय यहाँका धेरै पोखरीको मौलिक नामभन्दा अन्य नामबाट प्रचार हुँदै गएको भन्दै यहाँका पोखरीको आफ्नै मौलिक नामबाट प्रचारप्रसार गर्न आवश्यक रहेको स्थानीय थोक्प्याहरूको भनाइ छ।

यस पोखरी क्षेत्रमा घुम्न आउने पर्यटक पोखरीको अवलोकनसँगै प्रकृतिक सुन्दरताको आनन्द लिनसक्ने लोदेन क्षेत्रमा विगतदेखि जडीबुटी संकलन गर्दै आएका व्यवसायी मिक्वाखोला-४ साँवा गाउँका मिलन लिम्बूले बताए।

एक दिनमा सदरमुकाम फुङ्लिङबाट यातायातका साधन प्रयोग गरेर सिम्बुक पुग्न सकिन्छ। त्यसपछि पदमार्ग प्रयोग गरेर छिटो हिँड्नेहरू एक दिन र अलि विस्तारै हिँड्ने पर्यटक दुई दिनमा लोदेन क्षेत्र पुग्न सक्छन्। पर्यटक लोदेनमा रहेका पोखरीको अवलोकन गरेर तोक्पेगोलाहुँदै फर्कन चाहने लिम्बूले बताए। तर लोदेन हुँदै तोक्पेगोला जान त्यति सहज बाटो नभएको लिम्बूले बताए। पाँच हजार ५०० मिटर उचाइ अवस्थित डाँडा पास गरेर जानुपर्ने भएकाले लेक लाग्ने साथै बाटो निर्माण नभएकाले स्थानीयको सहायता चाहिने गरेको लिम्बूले बताए। उच्च हिमाली क्षेत्रमा भएकाले बाह्रै महिना हिउँ जमेर रहेकाले बाटो चिप्लो हुने जोखिम रहेको लिम्बूले बताए।



विगतमा यहाँका तस्बिर, सामान्य भिडियो सामाजिक सञ्जालमार्फत केही प्रचारको काम भएको मिक्वाखोला गाउँपालिका-५ का वडाध्यक्ष ग्याल्जे शेर्पाले बताए। शेर्पाका अनुसार यस क्षेत्रमा १०० को हाराहारीमा पोखरी छन्। तर यस पोखरीको वैज्ञानिक अनुसन्धान हुन बाँकी रहेको शेर्पाले बताए। उनका अनुसार वडाको समन्वयमा यहाँका पोखरी तथा तालको वैज्ञानिक अध्ययन गर्ने योजना छ। पोखरी तथा तालसम्बन्धी विज्ञहरूको टोलीमार्फत पोखरीको गहिराइ, लम्बाइ तथा चौडाइ र जिपिएस मापनजस्ता काम गर्ने योजना छ।

यस क्षेत्रमा रहेका पोखरीको संरक्षणका काम खासै केही नभएको साथै यस विषयमा गाउँपालिकाको नजर नपुगेको मिक्वाखोला गाउँपालिकाका उपाध्यक्ष डण्डु शेर्पाले जानकारी दिए। मानवले क्षति नपुर्‍याएसम्म यहाँका पोखरी आफैंमा संरक्षित रहने उनले बताए। उपाध्यक्ष शेर्पाका अनुसार पोखरी क्षेत्रको प्रचारप्रसारका काम भइरहेको छ। पदमार्ग निर्माण तथा पर्यटकका लागि पाटीपौवा निर्माण भइरहेको छ। यस क्षेत्रमा रहेका पोखरीको प्रचारप्रसार गर्न चालु आर्थिक वर्षमा लोदेन क्षेत्रमा भिडियो सम्मेलन गर्नका लागि पालिकाले आवश्यक बजेट विनियोजन गरेको उपाध्यक्ष शेर्पाले जानकारी दिए। आवश्यक घरवास (होमस्टे) सञ्चालनका लागि पनि पहल भइरहेको उनले जानकारी दिए। *रासस*

# अपांगता भएका बालबालिकालाई घरमै विद्यालय



**महोत्तरी–** 'हमरा नई लगैछल जे हमर बेटी बाज सकत, मुदा एकर जिनगीमे कायापलट भगेल,' (मलाई लाग्दैनथ्यो, हाम्री छोरी बोल्न सक्नेछिन्, तर उनको जिन्दगीमा नसोचेको प्रगति भयो) जलेश्वर नगरपालिका-११ पिगौनाको वनटोलबा बस्तीकी ३५ वर्षीया ववितापण्डित कुम्हालले बौद्धिक अपांगता भएकी छोरी ११ वर्षीया रचनालाई देखाउँदै भनिन्, 'आब त हमर बेटी लिखपढसँगें कतेको चित्रसभ बनबैत अछि' (अब त हाम्री छोरी लेखपढ गर्नसँगै कयौं चित्र बनाउने भएकी छन्)।

रचनामात्र होइन जलेश्वर-८ का शारीरिक अपांगता भएका सात वर्षीय प्रेम बैठा धोबी, जलेश्वर-४ सुगाका चार वर्षीया विवेक महतो, जलेश्वर-७ अन्कारका सात वर्षीय नजाबुल राइन, जलेश्वर-३ मलिवाराका छ वर्षीय साकिव अन्सारी र जलेश्वर-७ महादेवपट्टी बस्तीका १० वर्षीय वीरेन्द्र मण्डल पनि शारीरिकरूपमा अपांगता भएर पनि अब लेखपढ गर्न जान्न थालेका छन्। कुनै जन्मले नै र कतिपय जीवनका विभिन्न घटनामा परी अपांग भएर घरमै कुँजिएका बालबालिकाका लागि अहिले रतौली युवा क्लबले सञ्चालन गरेको 'घरमै विद्यालय' कार्यक्रम वरदान भएको छ।

क्लबले जिल्लाका जलेश्वर नगरपालिका र पिपरा गाउँपालिकामा सञ्चालन गरेको यो कार्यक्रममा अहिले शारीरिकरूपमा अपांगता भएका बालबालिकालाई घरमै हेरचाह र पठनपाठन अभ्यास गराउँदै छ। धेरैजसो बौद्धिक अपांगता भएका बोल्न नसक्ने बालबालिका अहिले नियमित अभ्यास र शिक्षकको हेरचाहले लेखपढ गर्न, चित्र कोर्न र जुडो खेल्न जान्ने भएका छन्। 'हामीले यस्ता बालबालिकाका लागि उनीहरूकै घरमा विद्यालयको झल्को दिने शैक्षिक सामग्री र शिक्षकको व्यवस्था गरेका छौं,' क्लबका कार्यकारी निर्देशक वैद्यनाथ चौधरी भन्छन्, 'नियमित एक वर्षको देखभालले यी बालबालिका विद्यालय जानसक्ने बनाउनु हाम्रो उद्देश्य हो।' सन् २०२५ जनवरीदेखि सुरु गरिएको यो कार्यक्रम आउने डिसेम्बरमा एक वर्ष पूरा हुने छ। त्यसपछि आवश्यकतानुसार अवधि थपिने उनको भनाइ छ। यो कार्यक्रम सञ्चालन गर्न क्लबलाई अन्तर्राष्ट्रिय गैरसरकारी संस्था 'सेभ द चिल्ड्रेन'ले आर्थिक सहयोग जुटाएको चौधरीले बताए।

यो कार्यक्रमअन्तर्गत सहयोगी शिक्षक दिनहुँ 'घरमै विद्यालय' का बालबालिकालालाई अभ्यास गराउन पुग्छन्। दिनहुँ चारघण्टा आफ्नो विद्यार्थीसँग बसेर उनकै अनुकूलतामा गराइने लेखन तथा वाचन अभ्यासले यस्ता बालबालिकामा निकै सुधार भएको जलेश्वर-११ पिगौनाको वनटोलवाको 'घरमै विद्यालय'की सहयोगी शिक्षक सजनीकुमारी मण्डल बताउँछिन्।

'मैले हेचरचाह गरेकी रचना त बोल्दै बोल्दिनथिन्, पछिपछि विस्तारै उनीसँगै खेल्दै बोल्दै जाँदा बल्ल लेखपढ गर्न थालिन्,' आफूले हेरचाह गरिरहेकी रचना पण्डितबारे जानकारी दिँदै सजनीले भनिन्, 'अब साउँ अक्षर सबै लेख्ने भएकी छन्, चित्र कोर्नमा यिनको अभिरुचि बढेको छ।'

बोल्दै नबोल्ने छोरी अब घरका परिवारजनलाई नाता लगाएर बोलाउने र शिक्षक पढाएर फर्केपछि पनि कापीकलम लिएर चित्र कोर्ने गरेकी रचनाकी आमा ववितासे खुसी हुँदै बताइन्। रचना अहिले लेखपढ र चित्र कोर्नेमात्र नभई व्यक्तिगत आहारव्यवहारमा पनि पोख्त बनेकी देखिन्छ। आफ्ना घर आउने जोसुकै अतिथिलाई नमस्कारको अभिवादनबाट रचना स्वागत गर्छिन्। रचनामा आएको यो परिवर्तनले पिगौनावासी चकित छन्।

क्लबले सुरु गरेको यो कार्यक्रमलाई जिल्लाका बुद्धिजीवीले सराहना गरेका छन्। आर्थिकरूपले निकै कमजोर भएका परिवारका बालबालिकाले यो कार्यक्रमबाट शिक्षामात्र नभएर आहारव्यवहार सिक्ने अवसर पनि पाएका राजकीय संस्कृत माध्यमिक विद्यालयका मटिहानीका प्रधानाध्यापक ईश्वरी पौडेलको प्रतिक्रिया छ। 'कसैको नजर नपुगेको क्षेत्रमा यो कार्यक्रम थालिएको छ, यसको विस्तारमा अब राज्यका शैक्षिक निकायले पनि सहकार्य बढाउन आवश्यक छ,' पौडेलले भने।

यो कार्यक्रम सरकारी अवधारणालाई नै बल पुर्‍याउन सुरु गरिएको क्लबका कार्यक्रम प्रबन्धक पूजनारायण साहको भनाइ छ। 'घरमै विद्यालय' नेपाल सरकारकै अवधारणा रहेको बताउँदै साहले आफ्ना कामले यस्ता कार्यक्रम सञ्चालन गर्न राज्यका निकाय र मधेसका अन्य संघसंस्थालाई उदाहरण बनेको बताए।

'यो कार्यक्रम सञ्चालन गर्न ठाउँ नै पिच्छे व्यवस्थापनमा र शिक्षकको पारिश्रमिकमा मुख्य खर्च रहेको छ,' साहले भने। अब यो कार्यक्रम स्थानीय तहले बनाउनुपर्ने साहको सुझाव छ। 'अहिले त दातृसंस्थाको सहयोग छ, तर यो त केही दिनका लागि हो,' साह भन्छन्, 'यसलाई जीवन्त राख्न स्थानीय तहहरूले आफ्ना कार्यक्रममा समावेश गर्नुपर्छ।'

कार्यक्रमप्रति स्थानीय तहका जनप्रतिनिधिले पनि सकारात्मक चासो बढाएका छन्। जलेश्वर-११ का वडाध्यक्ष मनोज साहले अब बन्ने बजेट र कार्यक्रममा यो कार्यक्रम समावेश गर्न पहलकदमी लिने प्रतिबद्धता जनाए। यसैगरी पिपरा गाउँपालिकाकी अध्यक्ष रामजानकी यादवले आफ्नो गाउँपालिका क्षेत्रभरिका यस्ता बालबालिकाको नयाँ लगत बनाएर कार्यक्रम बनाइने बताएकी छन्। *रासस*


**युएइमा रोजगार** — कम्पनी : SOLIDARITY BUILDING MAINTENANCE AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330156 | चलानी नं. ६०२४३९८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 1000 | ३८,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



**Fewa HR Solutions Pvt. Ltd.**
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

**साउदीमा रोजगार** — कम्पनी : GOLDEN WISHES FOODSTUFFS SUPPLY EST. शेवा शुल्क:10,000

पूर्व स्वीकृति मिति : २०८२/04/13 | LT. No. 330279 | चलानी नं.६०२४४०३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labour | 1 | 0 | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफै |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



**साउदीमा रोजगार** — कम्पनी : BEIT AL TOUB GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330223 | चलानी नं. ६०२४३९९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & beverage (restaurant) | 4 | 0 | 1200 | ४४,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


श्रम इजाजत नं. १०८८/०७३/०७४
Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



**युएइमा रोजगार** — कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 310053 | चलानी नं.६०२२४४०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Demolition Of Building Labour | 125 | 0 | 1100 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenter | 12 | 0 | 1300 | ४९,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com



**CYPRUS मा रोजगार** — कम्पनी : A.T. CRYSTAL CLEAN SOLUTIONS शेवा शुल्क: ९0,000

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327068 | चलानी नं. ६०२४१०२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 20 | 400 | ६५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | EMPLOYEE | 5 | 0 | 700 | ११४,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २२ गते (7th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


Kathmandu International Incorporate Pvt. Ltd.
श्रम ईजाजत नं. ४४१/०६०/६१
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com

## रूपशाला

### 'सोल्टिनी' कात्तिक ६ गते प्रदर्शन हुने

चलचित्र 'सोल्टिनी' आगामी कात्तिक ६ गतेदेखि प्रदर्शन हुने भएको छ। निर्माण युनिटले शुक्रबार चलचित्रका ५ पोष्टर एकसाथ सार्वजनिक गर्दै चलचित्रको प्रदर्शन मितिबारे जानकारी दिएको हो। प्रकाश सपुत र परीक्षा लिम्बु अभिनित चलचित्रको कार्यकारी निर्माताको रूपमा 'हर्क साम्पाङ रिभोलुसन एन्ड टिम' रहेको छ। यस समूहको नेतृत्व धरान महानगरपालिकामा मेयर हर्क साम्पाङले गरेका हुन्। अर्जुन सुवेदी निर्देशित चलचित्रमा विल्सन विक्रम राई, सब्बु गुरूङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुन्दर धिताल, सुजन खतिवडा लगायतका कलाकारको अभिनय छ।





# 'आ बाट आमा'को शुभमुहूर्त



■ प्रभाव संवाददाता

**काठमाडौं–** आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुने फिल्म 'आ बाट आमा' को बिहीबार तनहुँको गलेश्वर मन्दिरमा विधिवत् शुभ मुहूर्त गरिएको छ। करिब २ सय जना बटुकहरूले हवनसहित पूजाआर्चना गरी फिल्मको मुहूर्त गरेका थिए।

निर्माण पक्षका अनुसार फिल्मको छायांकन सोही दिनदेखि चितवनबाट सुरु गरिएको छ। निर्देशक चन्द्र पन्तले फिल्मको छायांकन तालिका करिब एक महिनाको रहेको जानकारी दिएका छन्। उनका अनुसार चितवन, काठमाडौं र भारतको हैदरावादमा फिल्म खिचिनेछ।

फिल्ममा अभिनेता पल शाह, दक्षिण भारतीय कलाकार प्रदीप रावत, विपना थापा, सिम्रन पन्त, उषा उप्रेतीलगायत मुख्य भूमिकामा देखिनेछन्। मुहूर्त कार्यक्रममा प्रदीप रावतसहित गजित बिष्ट, माओत्से गुरुङ लगायतको उपस्थिति थियो।

'आ बाट आमा' ले आमा र सन्तानबीचको स्नेह र सम्बन्धको भावनात्मक कथा बोकेको निर्माण पक्षको भनाइ छ।

फिल्मका निर्माता कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने र प्रकाशजंग कुँवर हुन् भने कार्यकारी निर्माता करण सिंह रहेका छन्। छायांकन निर्देशन (म्इए) नवराज उप्रेतीले सम्हाल्ने छन्। संगीत कोशिस क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतम रहने छ मुख्य सहायक निर्देशक : कुलदीप शर्मा रहनेछ।

फिल्म २०८२ फागुन १५ गतेबाट देशभर प्रदर्शनमा आउनेछ। निर्माण पक्षका अनुसार फिल्मको विदेश प्रदर्शन अधिकार अष्ट्रेलिया र न्यूजिल्यान्डमा बिक्री भइसकेको छ। ती देशका लागि वितरण अधिकार हिमारु इन्टरटेन्मेन्टले खरिद गरेको छ भने नेपालमा आरआर फिल्म्सले वितरणको जिम्मा लिएको छ।

# ट्रेण्डिङमा 'जेरी अन टप'को टिजर

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत सोमबार सार्वजनिक भएको फिल्म 'जेरी अन टप' को टिजरले उत्कृष्ट प्रतिक्रिया पाएको छ। रिलिजसँगै सामाजिक सञ्जालमा लोकप्रिय बनेको टिजरलाई बुढासुब्बा डिजिटलको च्यानलमा मात्रै हालसम्म १५ लाख बढि पटक हेरिएको छ।

युट्यूवमा 'जेरी अन टप' टिजर नेपालमा सर्वाधिक चर्चा पाउने फिल्म ट्रेलरको ट्रेण्डिङ सूचीमा शीर्ष स्थान कायम गर्न सफल भएको छ भने अन्य दर्जनबढि देशमा यो फिल्मको टिजरले 'मुभिज ट्रेन्डिङ चार्ट' तर्फ अग्र स्थान ओगटेको छ। विदेशका यो फिल्मको टिजरप्रति देखिएको क्रेजले अन्तर्राष्ट्रिय व्यापारमा सुखद संकेत गर्छ।

युट्यूव, इन्स्टाग्राम र फेसबुक लगायतका सामाजिक सञ्जालमा सार्वजनिक दर्जनौं टिजर रिभ्यू र रियाक्सन भिडियोमा यो फिल्म बहु-प्रतिक्षितका शब्दहरू व्यक्त भएका छन्। सगरमाथा आरोहणको कथा जोडिएको यो फिल्ममा समावेश दृश्यहरू, कलाकारको अभिनय कला, ब्याकग्राउण्ड म्युजिक, भिएफएक्स लगायतको पाटोलाई दर्शकले उच्च प्रशंसा गरेका छन्।

सरोज न्यौपानेको प्रस्तुति र सुयोग गुरुङको निर्देशनमा तयार यो फिल्म आगामी असोज ३१ गतेबाट सार्वजनिक प्रदर्शनमा आउनेछ।

यो फिल्ममा युवापुस्ताका चर्चित अनि सफल अभिनेता अनमोल केसी, अभिनेत्रीद्वय आँचल शर्मा, जसीता गुरुङ, केदार घिमिरे 'माग्नेबुढा', भुवन केसी, उषा उप्रेती, सुरक्षा पन्त लगायतका कलाकार शीर्ष अभिनयमा छन्। अभिनेता अनमोलले दर्शक तथा शुभचिन्तकबाट प्राप्त प्रेममा खुशी साट्दै धन्यवाद ज्ञापन गरेका छन्।




'जेरी अन टप' को कथा हेमराज बिसीको हो। यो फिल्ममा कालिप्रसाद बाँस्कोटा, जयन जे वाइबा, जोहन चाम्लिङ राई र ब्रिजेश श्रेष्ठको संगीत छ। विस्वास तिम्सिनाको पटकथा रहँदा दुलिप रेग्मीको छायांकन छ।

यो फिल्मलाई नेपालभित्र रीच इन्टरटेन्मेन्ट र एफडी कम्पनिले वितरण अधिकार लिएका छन्। महंगो लागत र फ्रण्टलाइनर स्टारकास्ट समावेश यो फिल्मलाई वर्षको प्रतिक्षित फिल्म मानिएको छ।



**नेपाल 'ए'-आसाम टी-२०**

# दोस्रो खेलमा नेपाल 'ए' विजयी, आज तेस्रो खेल हुँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'टी ट्वान्टी' शृखंलाअन्तर्गत आफ्नो दोस्रो खेलमा नेपाल 'ए' विजयी भएको छ।

भारतको गुवाहाटीमा भएको खेलमा नेपाल 'ए'ले घरेलु टोली आसामलाई ९६ रनले पराजित गर्दै जारी शृंखलामा पहिलो जित दर्ता गराएको हो। नेपालले प्रस्तुत गरेको १७४ रनको लक्ष्य पछ्याएको आसामको पारी १५ दशमलव २ ओभरमा ७७ रनमै समेटियो। आसामका लागि रुहिनन्दन पेगुले सर्वाधिक १७ रन, शिवशङ्कर रोयले १६ तथा आकाश सेनगुप्ताले १० रन बनाए।

बलिङतर्फ नेपालका युवराज खत्रीले चार, बसिर अहमदले तीन तथा कमलसिंह ऐरी, आकाश चन्द र विवेककुमार यादवले एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७३ रनको योगफल बनाएको थियो। नेपालका लागि सन्दीप जोराले सर्वाधिक ३५ रनको योगदान दिए। त्यसैगरी पवन सर्राफ र देव खनालले समान ३१/३१ रन बनाए भने बसिर अहमदले २७, विवेकुमार यादवले अविजित २६ तथा आदिल आलम अन्सारीले १४ रन बनाए।

बलिङतर्फ आसामका लागि आकाश सेन गुप्ताले तीन, अभिनव चौधरीले दुई तथा आयुशमान मालाकार र अभिलश गोगोईले एक/एक विकेट लिए। बिहीबार भएको पहिलो खेलमा नेपाल 'ए' डकवर्थ लुइस पद्दति (डिएलएस) का आधारमा आसामसँग १५ रनले पराजित भएको थियो। यससँगै नेपाल 'ए' र आसामसँगको पाँच खेलको उक्त शृफ्लामा १-१ को बराबरी भएको छ। शनिबार तेस्रो खेल हुनेछ।

**'साफ यू-१७ महिला च्याम्पियनसिप'**

# भारतसँग नेपालको फराकिलो हार

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाललाई पराजित गर्दै भारतले एक खेलअगाबै तेस्रोपल्ट साफ यु-१७ महिला च्याम्पियनसिपको उपाधि उचालेको छ।

थिम्पुस्थित चाङ्लिमिथाङ रंगशालामा शुक्रबार सम्पन्न खेलमा भारतले दोस्रो लेगमा नेपाललाई ५-० ले पराजित गरेको हो। भारतले यसअघि सन् २०१८ र ०१९ मा लगातार दुईपल्ट उपाधि जितेको थियो।

अपराजित रहेको भारतले ५ खेलबाट १५ अंक पुऱ्याएको छ। दोस्रो स्थानमा रहेको बंगलादेशको समान खेलबाट १० अंक छ। अब अन्तिम खेलमा भारत र बंगलादेश भिड्ने छन्। तर, उक्त खेल जिते पनि बंगलादेशले भारतलाई भेटाउने छैन।

नेपालले भने अन्तिम खेलमा भुटानलाई चुनौती प्रस्तुत गर्नेछ। नेपालको ५ खेलबाट ३ र भुटानको समान खेलबाट १ अंक छ।

भारतको जितमा पेरल फर्नान्डेज र दिव्यानी लिन्डाले समान २ गोल गरे। निरा चानुले एक गोल थपे। खेलको पाँचौं मिनेटमै निराको गोलमार्फत भारतले सुरुआती अग्रता लिएको थियो।

१५ र ४३औं मिनेटमा परेले दुई गोल गर्दा भारतले पहिलो हाफमै ३-० को आरामदायी अग्रता लियो। ७९ र दोस्रो हाफको इन्जुरी समयको दोस्रो मिनेटमा गोल गर्दै ५-० को सानदार जित दिलाए। पहिलो लेगमा भारतले नेपाललाई ७-० ले पराजित गरेको थियो।

शुक्रबार नै भएको पहिलो खेलमा बंगलादेश र भुटानबीचको खेल बराबरीमा सकिएको छ। खेलमा दुवै टिमले १-१ गोल गरेका थिए।



# विश्वकप रजत विजेता खो-खो टिम उत्कृष्ट

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले विश्वकप रजत विजेता खो खो टिमलाई उत्कृष्ट अवार्डसहित पुरस्कृत गरेको छ। आज यहाँ आयोजित राखेपको ६२औं वार्षिकोत्सव कार्यक्रममा खो खो टिम सिनियरतर्फ राष्ट्रिय पुरुष तथा महिला टोलीलाई उत्कृष्ट अवार्डसहित पुरस्कृत गरिएको हो।

पुरुष तथा महिला टोलीलाई समान रु एक लाख नगद पुरस्कारसहित ट्रफी प्रदान गरिएको छ। दुवै टिमले भारतमा भएको प्रथम खो खो विश्वकप तथा नेपाल र भारतबीच भएको टेष्ट खेलमा रजत जितेका थिए। खो खो टिमसँगै जुनियरमा दुई र पारामा एक खेलाडी, १० कर्मचारी, एक राष्ट्रिय खेल सङ्घ, एक प्रायोजक, दुई जना पत्रकार र एक स्थानीय तहलाई सम्मान गरिएको राखेपले जनाएको छ।

जुनियरको पुरुषमा बक्सिङका अर्पिल राना तथा महिलामा क्रिकेटकी पूजा महतो जनही रु ५० हजार नगदसहित पुरस्कृत भएका छन्। अर्पिलले थाइल्याण्डमा भएको एसियाली यु-२२ युथ बक्सिङ तथा श्रीलङ्कामा भएको एसियाली बक्सिङ यु-१९ मा कास्य जितेका थिए। पूजाले विश्वकप एसियाली छनोट खेलमा दुई सय ७२ रन बनाउनुका साथै १० विकेट लिएकी थिइन्। उनी सोही छनोटमा 'प्लेयर अफ द सिरिज' हुन सफल भएकी थिइन्। नेपाल र मलेसियाबीचको यु-१९ टी-२० विश्वकपमा 'प्लेयर अफ द म्याच' बनेकी थिइन्।

पारातर्फ तेक्वान्दोकी पलेशा गोबर्धन रु ५० हजार नगदसहित सम्मानित भइन्। पलेशाले पेरिस पारालिम्पिकमा ऐतिहासिक कास्य पदक तथा मलेसियामा भएको १०औं एसियाली पारा तेक्वान्दोमा कास्य पदक जितेकी थिइन्।

उत्कृष्ट राष्ट्रिय खेल सङघमा नेपाल क्रिकेट सङ्घ (क्यान) रु एक लाख नगदसहित पुरस्कृत भयो। उत्कृष्ट प्रायोजकमा नेपालय इन्टरनेशनल प्रालि र उत्कृष्ट स्थानीय तहमा बागमती गाउँपालिका (मकवानपुर) लाई पुरस्कृत गरियो।

उत्कृष्ट खेलकुद पत्रकार पुरुषतर्फ खेलाडी डटकमका अञ्जन खड्का र महिलातर्फ मेरो खेल डटकमकी लक्ष्मी शाक्य जनही रु २० हजारसहित सम्मानित भएका छन्। कर्मचारीतर्फ सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कारबाट परिषद्को सचिवालयका नायब वरिष्ठ प्रशासकीय अधिकृत फणिन्द्रप्रसाद पौडेल (प्रशासन) तथा दाङ जिल्ला खेलकुद विकास समितिका तेक्वान्दो प्रशिक्षक भीमलाल विक (प्रशिक्षण) पुरस्कृत भएका हुन्। दुवैले जनही रु २५ हजार नगद पुरस्कार प्राप्त गरेका छन्।



पाकिस्तानको वजिराबाद जिल्लाको सोधरा सहरस्थित बाहिरी इलाकामा मुसलधारे वर्षापछि आएको बाढीले क्षतिग्रस्त सडक पार गर्दै गरेको एक मोटरसाइकल चालकलाई हेर्दै स्थानीय । *तस्बिरः एपी*

# ‘जापानको प्रविधि र भारतको प्रतिभाले आर्थिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्यायो’

**टोकियो–** जापानका प्रधानमन्त्री शिगेरु इसिबाले शुक्रबार जापानको प्रविधि र भारतको कच्चा प्रतिभाले आर्थिक सहयोगलाई उत्कृष्ट मिश्रणमा परिणत गर्नसक्ने बताएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगै १५औं भारत-जापान वार्षिक शिखर सम्मेलनलाई सम्बोधन गर्दै इसिबाले ‘मेक इन इण्डिया’ पहलमा जापानले महत्त्वपूर्ण भूमिका खेलेको स्मरण गराए ।

‘जापानको उन्नत प्रविधि र भारतको उत्कृष्ट प्रतिभा एकअर्काका पूरक हुन्, जसले हाम्रो आर्थिक सम्बन्धलाई नाटकीय रूपमा विस्तार गरेको छ । धेरै जापानी कम्पनीले विश्वव्यापी सहयोग विस्तार गर्दै मेक इन इण्डिया पहलमा प्रमुख योगदान दिएका छन् । आज, हाम्रो कम्पनीहरूबीच नयाँ सहयोग सम्झौताहरूको हस्ताक्षरले भारतमा लगानी विस्तार गर्ने र सहकार्य सुदृढ पार्ने जापानको दृढ प्रतिबद्धतालाई प्रस्ट देखाएको छ । यो हाम्रो दुई राष्ट्र वरिपरि केन्द्रित आपूर्ति शृंखला निर्माणको स्पष्ट प्रमाण हो,’ जापानी प्रधानमन्त्रीले भने ।



इसिबाले आर्टिफिसियल इन्टेलिजेन्स (एआई), अन्तरिक्ष र स्वच्छ ऊर्जा क्षेत्रमा समेत दुवै देशबीच सहकार्य भइरहेको जानकारी दिए । ‘मुख्य पहलहरूमा जनता-जनता आदानप्रदानलाई बढावा दिनु, प्रधानमन्त्री मोदीको आत्मनिर्भर भारत नीतिअन्तर्गत प्रविधि र बजारको लाभ लिनु, साथै सेमिकण्डक्टर र जैविक इन्धनजस्ता महत्त्वपूर्ण क्षेत्रमा सहकार्य गर्नु पर्दछ,’ उनले भने, ‘एआई, अन्तरिक्ष र स्वच्छ ऊर्जामा पनि दुवै देशबीच प्रयास भइरहेको छ । अनिश्चित वैश्विक अर्थतन्त्रमा लचिलो आपूर्ति शृंखला र आर्थिक सुरक्षाको लक्ष्य लिएर यी पहलहरूलाई दुवै सरकारले समर्थन गरेका छन् ।’

प्रधानमन्त्री इसिबाले जनता-जनता सम्बन्धलाई अझै गहिरो बनाउने इच्छा व्यक्त गर्दै वाराणसी भ्रमणको अनुभव पनि बाँडे ।

‘म भविष्यमा हाम्रो द्विपक्षीय सहयोग निरन्तर विकसित रहोस् भन्ने चाहन्छु । यसका लागि म तीन प्रमुख पहललाई प्राथमिकता दिन्छु- पहिलो, जनता-जनता आदानप्रदानलाई प्रवर्द्धन गर्नु । म छ वर्षअघि वाराणसी गएका थिएँ र त्यहाँको मिहेनती जनशक्तिलाई देख्दा प्रभावित भएँ । विकासका लागि भारतको ऊर्जा प्रशंसनीय छ,’ उनले भने, ‘दोस्रो, प्रविधि र बजारको संयोजन हो । धेरै जापानी कम्पनीले मुम्बई-अहमदाबाद उच्च गतिको रेल निर्माणमा मिलेर काम गरिरहेका छन् । ३० वर्षअघि भारतमा प्रवेश गरेको मारुती सुजुकीले अहिले ठूलो बजार हिस्सा ओगटेको छ ।’ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी १५औं भारत-जापान वार्षिक शिखर सम्मेलनमा सहभागी हुन अगस्ट २९-३० सम्म जापानको आधिकारिक भ्रमणमा रहेका छन् । *रासस/एएनआई*

# म्यान्मामा करेन विद्रोही आतंकवादी समूह घोषित



**बैंकक–** म्यान्माको सैन्य सरकारले बिहीबार करेन नेसनल युनियन (केएनयू) लाई आतंकवादी संगठनका रूपमा घोषणा गरेको छ । यससँग सम्बन्धित कुनै पनि गतिविधि वा तेस्रो पक्षको सम्पर्कलाई समेत अब अवैध ठहर गरिने बताइएको छ ।

म्यान्मा सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएदेखि नै केएनयूले बढी स्वायत्तताका लागि संघर्ष गर्दै आएको छ । दक्षिणपूर्व म्यान्मामा अवस्थित यो समूह विशेषगरी सन् २०२१ मा निर्वाचित सरकारलाई अपदस्थ गरी सेनाले सत्ता कब्जा गरेपछि सुरु भएको गृहयुद्धमा सक्रियरूपमा संलग्न छ ।

केएनयूका प्रवक्ता पडोह साव ताव नीले शुक्रबार समूहले यस आतंकवादी समूह पदनामलाई बेवास्ता गर्ने बताएका छन् । उनले भने, ‘तपाईंलाई वास्तविक आतंकवादी र अन्तर्राष्ट्रिय अपराधी को हुन् भन्ने प्रमाण चाहिँदैन । म्यान्माको सेनालाई नै अन्तर्राष्ट्रिय न्यायाधिकरणले दोषी ठहर गरेको छ ।’

केएनयूले डिसेम्बर २८ बाट सुरु हुने भनिएको सैन्य योजनाको राष्ट्रिय चुनावमा अवरोध गर्ने वाचा गरेको छ । तर आतंकवादी समूहको पदवीले यसका अहिंसात्मक सूचना अभियानहरूलाई अझ कठिन बनाउने छ, जसलाई पहिले नै अवैध ठहर गरिएको छ ।

राज्य सञ्चालित एमआरटिभी टेलिभिजनले सैन्य सरकारी समितिको हवाला दिँदै केएनयूलाई आतंकवादी समूह घोषणा गरेको समाचार प्रसारण गरेको छ । समितिले केएनयूमाथि ‘सार्वजनिक सुरक्षा, जीवन र सम्पत्ति, सार्वजनिक तथा निजी पूर्वाधार, राज्य स्वामित्वका भवन, सवारीसाधन र सामग्रीमा गम्भीर क्षति पुऱ्याएको’ आरोप लगाएको छ ।

एमआरटिभीले अर्को सूचनामा कार्यवाहक राष्ट्रपति तथा सैन्य प्रमुख वरिष्ठ जनरल मिन आङ ह्लाइङले केएनयू र यससँग सम्बद्ध संस्थाहरूलाई गैरकानुनी संगठन घोषणा गरेको जानकारी दिएको छ । यसले उनीहरूसँग सम्पर्क राख्नेलाई अपराधी ठहर गर्ने छ ।

यस घोषणापछि एमआरटिभीले स्वतन्त्रताका नायक आङ सान (आङ सान सुकीका पिता) को सन् १९४७ को भनाइ उद्धृत गर्दै बारम्बार प्रसारण गरेको छ । उक्त प्रसारणमा भनिएको थियो, ‘हाम्रो सरकारले चुनावमा अवरोध गर्नेहरूलाई चुपचाप हेरेर बस्दैन । उनीहरूलाई कडा सजाय दिइने छ । हाम्रो सरकारले स्वतन्त्ररूपमा प्रतिस्पर्धा गर्ने कसैलाई रोकेन तर अवरोध गर्नेहरूलाई दबाउन सबै शक्ति प्रयोग गर्ने छ ।’

आलोचकहरूले आउँदो चुनावलाई सेनाले आफ्नो अधिग्रहणलाई वैधता दिने ढोङका रूपमा व्याख्या गरेका छन् । उनीहरूका अनुसार सन् २०२० को चुनावमा भारी बहुमतले जितेको सुकीको नेसनल लिग फर डेमोक्रेसी विघटन गरिसकेकाले चुनाव निष्पक्ष हुने सम्भावना छैन ।

केएनयूलगायतका विपक्षी समूहहरूले चुनावलाई असफल बनाउन प्रयास गर्ने चेतावनी दिएका छन् । सैन्य सरकारले गत महिना एक नयाँ निर्वाचन कानुन ल्याएको थियो । सो कानुनअनुसार चुनाव अवरोध गर्ने वा विरोध गर्ने व्यक्तिलाई मृत्युदण्डसमेत दिन सकिने व्यवस्था छ । सीमावर्ती क्षेत्रमा बसोबास गर्ने अन्य जातीय अल्पसंख्यकहरूजस्तै करेनहरूले पनि दशकौंदेखि बढी स्वायत्तताको माग गर्दै आएका छन् ।

केएनयूले सन् २०१५ मा सात अन्य जातीय विद्रोही सेनाहरूसँगै पूर्वअर्धनागरिक सरकार (पूर्वजनरल थेइन सेनको नेतृत्वमा) सँग युद्धविराम सम्झौतामा हस्ताक्षर गरेको थियो । तर सन् २०२१ को सैन्य कब्जापछि यो समूह प्रजातन्त्र समर्थक मिलिसियासँग मिलेर सेनाविरुद्ध लडाइँमा संलग्न भयो र सरकार विरोधीहरूलाई आश्रय दियो ।

सैन्य कब्जाको विरोधमा भएको अहिंसात्मक आन्दोलनलाई सेनाले बल प्रयोग गरेर दमन गरेपछि उत्पन्न सशस्त्र प्रतिरोधले अहिले देशको धेरै भागलाई गृहयुद्धमा फसाएको छ । कायिन (करेन) राज्यमा केएनयूको सशस्त्र शाखा करेन नेसनल लिबरेसन आर्मीले सैनिकहरूविरुद्ध प्रत्यक्ष लडाइँमात्र गरेको छैन, स्थानीय सयौं युवालाई युद्ध प्रशिक्षणसमेत दिइरहेको छ ।

सैन्य सरकारले प्रस्ताव गरेको शान्ति वार्तामा केएनयूले सहभागी हुन अस्वीकार गर्दै बहिष्कार गरेको छ । समूहका मागहरूमा राजनीतिबाट सेनाको फिर्ता, संघीय लोकतन्त्रको कार्यान्वयन र संकट समाधानमा अन्तर्राष्ट्रिय संलग्नताको स्वीकृति समावेश छन् । *रासस/एपी*

# मंगल ग्रहका भित्री भागमा पुरानो चट्टानी टुक्राहरु अझै सुरक्षितः नासा

**लस एन्जलस–** मंगल ग्रहका म्यान्टल (भित्री तह) मा आज पनि चार किलोमिटरसम्म फैलिएका ठूला-ठूला ढुंगाका टुक्राहरू रहेको पाइएको छ, जसले ग्रहको प्रारम्भिक अवस्थाबारे महत्त्वपूर्ण जानकारी दिएको छ । यो खोज हालै प्रकाशित वैज्ञानिक अध्ययनबाट सार्वजनिक गरिएको हो ।

अनुसन्धानमा उल्लेख भएअनुसार वर्षौंअघि मंगलमा भएका विशाल आकाशीय आघातहरूका कारण ग्रहको सतह र भित्री भाग पग्लिएर म्याग्माको ठूलो सागर बनेका थिए । सो समयमा मंगलकै चट्टानी भागहरू गहिरो भित्रसम्म पुरिएका थिए र ती अझैसम्म पनि म्यान्टलमा बिच्छिएको अवस्थामा भेटिएका छन् ।

नासाको ‘इन्साइट नामक यान’ले सन् २०१८ मा मंगलको सतहमा पहिलोपटक भूकम्प मापन यन्त्र राखेर अनुसन्धान सुरु गरेको थियो । सन् २०२२ सम्मको अवधिमा इन्साइटले एक हजार ३१९ वटा ‘मंगल-भूकम्प’ मापन गऱ्यो, जसका आधारमा वैज्ञानिकहरूले ग्रहको गहिराइमा रहेका संरचनाहरूको विश्लेषण गर्न सकेको हो ।

अनुसन्धानका प्रमुख वैज्ञानिक कन्स्टान्टिनोस करालाम्बोसले भने, ‘हामीले अहिलेसम्म कुनै पनि ग्रहको भित्री भागलाई यति सूक्ष्मरूपमा अवलोकन गरेका थिएनौं । मंगलको म्यान्टलमा प्राचीनकालका ढुंगाका टुक्राहरू अझै पनि सुरक्षित रहनु ग्रहको ढिलो विकास भएको प्रमाण हो । पृथ्वीमा यस्ता संरचनाहरू समयसँगै हराइसकेका हुन सक्छन् ।’ वैज्ञानिकहरूका अनुसार यस्ता खोजहरूले न केवल मंगलको इतिहास बुझ्न सहयोग गर्छ, तर अरू ग्रहहरूको बनावट तथा विकासक्रमबारे पनि नयाँ ज्ञान दिन सक्छ । *रासस/सिन्ह्वा*

# थाई अदालतद्वारा प्रधानमन्त्री पेटोङटार्न बर्खास्त

**बैंकक–** थाइल्याण्डको संवैधानिक अदालतले शुक्रबार कम्बोडियाका सिनेट अध्यक्ष हुन सेनसँगको फोन कलमा नैतिकता र संवैधानिक नियम उल्लंघन गरेको ठहर गर्दै प्रधानमन्त्री पेटोङटार्न सिनावात्रालाई पदबाट बर्खास्त गरेको छ ।

फैसला लागू हुनेबित्तिकै पेटोङटार्नले आफ्नो लगभग एक वर्षदेखि रहेको जिम्मेवारी गुमाउने छिन् । अदालतले उनीविरुद्धको मुद्दाको सुनुवाइमा सहमति जनाएपछि जुलाई १ मा उनलाई निलम्बन गरिएको थियो र उपप्रधानमन्त्री फुमथम वेचाचाईले जिम्मेवारी सम्हालेका थिए ।

पेटोङटार्नले जुन १५ मा हुन सेनसँग गरेको फोन कलको उद्देश्य दुई मुलुकबीचको सिमानामा प्रतिस्पर्धी दाबीलाई लिएर तनाव कम गर्नु थियो, तर उक्त फोन कलले राष्ट्रिय सुरक्षामा असावधानी देखाएको र थाई सेनाका जनरललाई बदनाम गरेको आरोप लगाइएको थियो ।

सन् २०२३ मा कम्बोडियाका प्रधानमन्त्री पदमा रहेका आफ्ना छोरा हुन मानेटले पदभार ग्रहण नगरेसम्म हुन सेनले ३८ वर्ष शासन गरेका थिए । मे महिनामा विवादित सीमा क्षेत्रमा भएको छोटो हिंसात्मक घटनामा कम्बोडियाका एक सैनिकको मृत्यु भएपछि यो फोन कल भएको थियो । जुन महिनाको अन्त्यमा दुई मुलुक पाँच दिनको लडाइँमा संलग्न हुँदा दर्जनौं मानिस मारिए भने दुई लाख ६० हजारभन्दा बढी विस्थापित भए ।

अदालतको फैसलाले पेटोङटार्नको नेतृत्वमा रहेको सत्तारूढ फेउ थाई गठबन्धनलाई अस्थिर अवस्थामा पुऱ्याएको छ । फोन कल विवादपछि फेउ थाईको ठूलो साझेदार भुमजाइथाई पार्टी गठबन्धनबाट बाहिरियो, जसले प्रतिनिधिसभामा थोरै बहुमतमात्र सुनिश्चित गऱ्यो ।

यो कदम पेटोङटार्नका पिता, पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राका राजनीतिक संयन्त्रलाई पनि झट्का हो । थाक्सिनलाई सन् २००६ मा सैनिक कूद्वारा सत्ताबाट हटाइएको थियो, तर उनी थाई राजनीतिमा लोकप्रियतावादी नीतिहरू र दूरसञ्चारमा कमाएको विशाल भाग्यको माध्यमबाट प्रभावशाली बनेका छन् । *रासस/एपी*


## मलेसियामा रोजगार
कम्पनी : J&T EXPRESS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330303 | चलानी नं. ६०२४४०३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Operator | 170 | 0 | 1700 | ५६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २३ र २४ गते (8 & 9 Sep. 2025) मा हुनेछ ।
अनुपम फुडल्यान्ड, बत्तिसपुतली रोड काठमाडौंमा मितिः २०८२ भदौ २३ र २४ गते (8 & 9 Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## युएईमा रोजगार
कम्पनी : SELECTIVE MANPOWER SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330196 | चलानी नं. ६०२४४०९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Helper (Male) | 100 | 0 | 1400 | ५६,७५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २३, २४, २५ र २६ गते (8, 9, 10 & 11th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


नोटः फाइनल अर्न्तवार्ता भदौ २४, २५ र २६ गते काठमाडौं, इटहरी, र पोखरामा हुनेछ ।

श्रम ईजाजत नं. १५२६/०७४/०७५
Himalayan Valley Nepal Pvt.Ltd.
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453, Mobile: 9801035459
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com



## युएइमा रोजगार
कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION L.

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 330185 | चलानी नं. ६०२४४००२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 24 | 0 | 1000 | ३८,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 24 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 3 | Steal Fixer | 24 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 4 | Scaffolder | 4 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 5 | Brick Mason | 24 | 0 | 1200 | ४५,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np



## मलेसियामा रोजगार
कम्पनी : PASARAYA HWA THAI SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330312 | चलानी नं. ६०२४४०९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 13 | 0 | 1700 | ५६,७५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PASARAYA HWA THAI SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330313 | चलानी नं. ६०२४४०९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 15 | 0 | 1700 | ५६,७५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9851085102, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082



## युएइ/कतारमा रोजगार
कम्पनी : Ontime Manpower Supply

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330250 | चलानी नं. ६०२४४०७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 50 | 0 | 1000 | ३८,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RETROSTYLE FOR DECOR AND FURNITURE

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330150 | चलानी नं. ६०२४४०७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Cabinet Maker | 2 | 0 | 1500 | ५९,११० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Furniture Factory Workers(Cabinet Filing) | 1 | 0 | 1500 | ५९,११० | | | | | | | |
| 3 | Decor Wood Worker | 2 | 0 | 1500 | ५९,११० | | | | | | | |

कम्पनी : ALARAB CONTRACTING AND TECHNOLLOGY

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330149 | चलानी नं. ६०२४४०७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1500 | ५९,११० | | | | | | | |
| 3 | Masons (Block & Tiles) | 2 | 0 | 1200 | ४६,४९० | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1500 | ५९,११० | | | | | | | |
| 5 | Physician (M.D.)(M/F) | 1 | 0 | 1000 | ३८,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २१ गते (6th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २००६०० | प्रति तोला – ० | प्रति तोला – २३६० |



**मुस्ताङे आलु** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–४ स्थित कागबेनीका किसानले उत्पादन गरेको मुस्ताङी आलु । यहाँका किसानलाई फागुनमा रोपेको आलु भदौको पहिलो हप्ताबाट खनिन्छ । *तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# ‘ग्रे लिस्ट’बाट तोकिएको समयअवागै बाहिर निकाल्छौं’

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाललाई अन्तरराष्ट्रिय वित्तीय निगरानी निकाय ‘फाइनान्सियल एक्सन टास्कफोर्स’ (एफएटिएफ) को ‘ग्रे लिस्ट’ बाट छिटो बाहिर ल्याउन सरकारले गम्भीर प्रयास गरिरहेको बताएका छन् ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदै अर्थमन्त्री पौडेलले ‘ग्रे लिस्ट’मा पर्नु मुलुकका लागि आर्थिक, वित्तीय र कूटनीतिक दृष्टिले हानिकारक भएको स्वीकार गर्दै तत्काल सुधारात्मक कार्ययोजना बनाएर कार्यान्वयनमा लगिएको बताए ।

‘कुनै पनि कारणले मुलुक ग्रे लिष्टमा पर्नु आर्थिक, वित्तीय एवं प्रतिष्ठाको दृष्टिकोणले उचित होइन । सरकार यो विषयमा स्पष्ट छ र यथासक्य छिटो त्यसबाट बाहिर निस्कन सुधारात्मक कार्ययोजना बनाएर २०८२ सालदेखि लागू गरिसकेको छ’, उनले भने । अर्थमन्त्री पौडेलका अनुसार मुलुक ‘ग्रे लिस्ट’मा पर्दा अन्तरदेशीय वित्तीय कारोबार, विप्रेषण प्रवाह, विदेशी लगानी र समग्र मुलुकको प्रतिष्ठामा दीर्घकालीन असर पार्नसक्ने जोखिम छ ।

यसले वैदेशिक ऋण, अनुदान र सहयोगमा प्रतिकूल असर पर्ने प्रश्नमा अर्थमन्त्री पौडेलले भने, ‘ग्रे लिष्टका कारण मुलुकले प्राप्त गर्ने वैदेशिक ऋण, अनुदान, सहायताजस्ता लगानीमा असर पर्नसक्ने भएकाले त्यसलाई कम गर्न सरकार संवेदनशील बनेको छ । त्यसैले सुधारात्मक कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयनमा लगिएको छ ।’

विशेषगरी अन्तरराष्ट्रिय वित्तीय संस्थासँगको विश्वास कमजोर हुनु, लगानीकर्तामा शंका बढ्नु र दातृ निकायले कडाइ गर्ने सम्भावनाले नेपाललाई चुनौतीपूर्ण अवस्थामा पुऱ्याउनसक्ने ठानिएको छ ।



अर्थमन्त्री पौडेलले यसबाट बाहिरिन सरकारले अवलम्बन गरेका प्रमुख नीतिगत तथा कानुनी कदमबारे विस्तृत विवरण प्रस्तुत गरे । उनका अनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउन्ड्रिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐन, २०८० मार्फत १९ वटा ऐन संशोधन गरिएको छ । यस्तै, सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०८१ जारी गरी कार्यान्वयनमा ल्याइएको, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१-८२ देखि २०८५-८६) लागू गरिएको, शीघ्र सुधारात्मक कार्ययोजना, २०८२ स्वीकृत गरी कार्यान्वयनमा रहेकोलगायतका सुधारका काम भएको अर्थमन्त्री पौडेलले बताए । बहुमूल्य धातु व्यापारी, क्यासिनो व्यवसायी, जग्गा कारोबार गर्ने संस्थालगायतलाई कडाइ गर्ने निर्देशन दिइएको तथा चारवटा समन्वय संयन्त्रहरू नियामक, अनुसन्धान समन्वय, आतङ्कवाद प्रतिरोध, कार्यान्वयन सहजीकरण गठन गरिएको उनको भनाइ छ ।

अर्थमन्त्री पौडेलले नेपाल ‘ग्रे लिस्ट’मा पर्नु विगतका कमजोरीका कारण भएको भन्दै हाल आवश्यक कानुनी संरचना र कार्ययोजना प्रभावकारी रूपमा अघि बढाइएको दाबी गरे । उनले भने, ‘हामी निर्धारित समयभन्दा पहिल्यै ग्रे लिस्टबाट बाहिर निस्कनेछौँ । त्यतिमात्र मात्र होइन, फेरि कहिल्यै ग्रे लिस्टमा नपर्नेगरी सुधार गर्नेछौँ ।’

नेपाल दुई वर्षका लागि निगरानी सूचीमा परेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले त्यस्तो सूचीमा परेको छ महिना बितिसकेको र केही समयभित्रै बाहिरिने विश्वास दिलाए । सम्पत्ति शुद्धीकरण नियन्त्रण सबैका लागि चिन्ता र चासोको विषय रहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले यसलाई विश्वका सबै मुलुकसँग सहकार्य गर्दै ठूला र गम्भीर आर्थिक अपराध नियन्त्रण गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

यस्तै, राष्ट्रियसभाको आजको बैठकमा अर्थमन्त्री पौडेलले महालेखापरीक्षकको कार्यालयलाई थप प्रभावकारी र नतिजामुखी बनाउन ठोस कदम चालेको बताए । उनका अनुसार सबै प्रदेशमा महालेखापरीक्षकको कार्यालय स्थापना गर्ने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) सम्पन्न भएको छ भने, लेखापरीक्षकको क्षमता अभिवृद्धिका लागि पनि पहल थालिएको छ ।

विगतमा बढ्दो रूपमा देखिएको बेरुजु नियन्त्रण गर्न सरकार कडाइका साथ अघि बढेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले सार्वजनिक खरिद प्रक्रियामा सुधारका साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा संशोधन गरेर पछिल्लो तीन वर्षदेखि रोकिएको बेरुजु सम्परीक्षण तथा लगतकट्टा प्रक्रिया पुनःसुरु गरिएको सदनलाई जानकारी गराए । यसलाई नेपालमा वित्तीय अनुशासन र सार्वजनिक खर्चमा पारदर्शिता ल्याउने महत्वपूर्ण कदमका रूपमा हेरिएको उनको भनाइ छ ।

# उद्योगीका समस्यामा सरकार गम्भीर छ : उद्योगमन्त्री भण्डारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योगीका समस्याका विषयमा सरकार गम्भीर रहेको बताएका छन् । उनले उद्योग-व्यवसायहरूले अनेकौं चुनौती सामना गरिरहेकोसमेत बताए ।

नेपाल इँटा उद्योग महासङ्घको १७औं साधारणसभा तथा छैटौं राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले आर्थिक स्थिति अस्थिर हुँदा लगानीमा जोखिम बढेको र त्यसको समाधान छलफल तथा बहसमार्फत खोज्नुपर्ने आवश्यकता औंल्याए ।

उनले भने, ‘जलवायु परिवर्तन थप चुनौतीका रूपमा देखिएको छ, जसका कारण उद्योगीहरूले उत्पादनमा अवरोध भोगिरहेका छन् । यस्तो परिस्थितिमा गुणस्तर कायम राख्दै वातावरणमैत्री प्रविधिको प्रयोग गर्नु अपरिहार्य छ ।’ नेपाल-चीनबीचको व्यापार र औद्योगिक सहकार्य महत्वपूर्ण बन्दै गएको उनले उल्लेख गरे । मन्त्री भण्डारीले उद्योगहरूले गुणस्तरको प्रमाणपत्र प्राप्त गरी अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नुपर्ने आवश्यकता औंल्याए ।

उनले उद्योग व्यवसायीलाई कानुनको पालना गर्दै वातावरणमैत्री ढंगले उद्योग सञ्चालन गर्न प्रेरित गर्नुपर्नेमा जोड दिए । ‘यदि उद्योग व्यवसायीले नियम पालना गरेन भने वातावरणीय समस्या उत्पन्न हुन्छ र वातावरण, खेतीपाती तथा उत्पादनलाई हानि पुऱ्याउँछ’, मन्त्री भण्डारीले भने, ‘त्यसैले सरकारले कडाइका साथ अनुगमन गरी समस्या समाधान गर्नेछ ।’

उनले घर, भवन तथा निर्माणका सबै क्रियाकलाप इँटामै आधारित हुने भएकाले इँटा व्यवसायीको साथमा सरकार रहेको उल्लेख गरे । उद्योगहरू प्रविधियुक्त, गुणस्तरीय र जलवायु परिवर्तनको असर कम गर्ने ढङ्गबाट सञ्चालन हुनुपर्नेमा उनले जोड दिए । महासंघका अध्यक्ष शंकरबहादुर चन्दले उद्योगीका मागलाई सहजै सुन्ने, सम्बोधन गर्ने र प्रमुख समस्या समाधान गर्ने मन्त्री भण्डारीको भूमिकाप्रति आभार प्रकट गरे ।

## तनहुँमा ८६३ मेट्रिकटन आलु उत्पादन

**तनहुँ (प्रस)–** आलु प्रवर्द्धन आयोजना कार्यक्रमअन्तर्गत तनहुँमा ८६३ मेट्रिकटन आलु उत्पादन भएको छ । आर्थिक वर्ष २०८१/८२ मा १३ कृषक समूहमार्फत् एक हजार रोपनी क्षेत्रफलमा उक्त परिमाणमा आलु उत्पादन भएको हो ।

कृषक समूह र सहकारीमार्फत क्लष्टरमा आलुखेती गरिएको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए । एउटा क्लष्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा आलु खेती गर्नुपर्ने हुन्छ । उक्त कार्यक्रमका लागि रु ९३ लाख ३० हजार बजेट विनियोजन गरिएको उनले बताए । यसका लागि प्रति समूहलाई ८० क्विन्टल किलो आलुको बीउ उपलब्ध गराइएको थियो ।

कार्यालय प्रमुख लामिछानेका अनुसार किसानलाई जनकदेव, एमएस र काडिनल जातको आलुको बीउ ७५ प्रतिशत अनुदानमा प्रदान गरिएको थियो । उनीहरूलाई खेती गर्न विभिन्न उपकरण समेत उपलब्ध गराएको उनले बताए ।

# महिला व्यवसायीको उत्पादन प्रवर्द्धनका लागि ‘डिजिटल हाटबजार एप’

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)–** ललितपुर महानगरपालिकाले स्थानीय महिला व्यवसायीको उत्पादन प्रवर्द्धनका लागि एलएमसी डिजिटल हाटबजार एप सार्वजनिक गरेको छ । महानगरभित्रका महिला उद्यमीहरूले उत्पादन गरेका वस्तु तथा सेवाको बजारीकरण गर्नुका साथै कम लागतमा उद्यमीलाई उपभोक्तासम्म पुऱ्याउन महानगरको महिला, बालबालिका शाखाले एलएमसी डिजिटल हाटबजार एप सार्वजनिक गरेको हो ।

एप सार्वजनिक कार्यक्रममा महानगर प्रमुख चिरीबाबु महर्जनले वर्तमान सूचना प्रविधिको युगमा वस्तु तथा सेवाको बिक्रीवितरण र प्रचारप्रसारका लागि डिजिटल एपको व्यवस्था गरिएको बताउँदै यसबाट यहाँका सात सय ५० भन्दा बढी महिला समूहलाई सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

‘सम्पूर्ण महिला उद्यमीले यो एपलाई अधिकतम उपयोगमा ल्याउनुहोस्, देशका सात सय ५३ वटा स्थानीय सरकार, सातवटै प्रदेश सरकारहरूमध्ये ललितपुरले उत्कृष्ट काम गरिरहेको छ, हामीले गरेका कतिपय काम अन्य स्थानीय तहले सिक्न उपयोगी हुने विश्वास लिएका छौं’, उनले भने ।

महानगरप्रमुख महर्जनले ललितपुरद्वारा सञ्चालित एलएमसी अलर्टले २२ वटा कामका लागि सहजीकरण गरिरहेको जनाउँदै एपमार्फत काममा सहजीकरण हुँदा



जनप्रतिनिधिलाई मध्यरातमा फोन गर्नुपर्ने समस्या अन्त्य भएको धारणा राखे । ‘एकद्वार सेवा प्रणाली लागू हुनुका साथै एपमार्फत सेवा प्रवाह हुँदा सेवाग्राहीले महानगरका कोठाकोठा धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ’, उनले भने ।

महानगरका उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले महिला उद्यमीहरूको समस्या समाधान गर्ने, उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने उद्देश्यले यो प्रयास थालिएको बताइन् । उनले उद्यमीहरूद्वारा सानो परिमाणमा उत्पादित वस्तु तथा सेवालाई सहज रूपमा बजारीकरण गर्न र उद्यमीले उचित प्रतिफल प्राप्त गर्ने अवसर प्राप्त गर्न यो माध्यम प्रभावकारी हुने विश्वास व्यक्त गरिन् । महिला बालबालिका शाखा प्रमुख शोभा खरेलले महिलाद्वारा उत्पादित वस्तु तथा सेवाहरूको डिजिटल एपमार्फत बिक्रीवितरण गर्न सकिने भन्दै क्रेताले बिक्रेतासँग सम्पर्क गरेर सामानको खरिद गर्नसक्ने जानकारी गरिन् । उनले यो वर्ष महानगरले १० जना महिला उद्यमीका सामान अन्तरराष्ट्रिय बजारमा पुऱ्याउने लक्ष्य राखेको उल्लेख गरिन् ।

## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरू

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत जानकारी (जस्तैः OTP, पासवर्ड र बैंक विवरण) कसैसँग पनि साझा नगरौं,
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
- सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं,
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ /मिल्दैन सो बारे जानकारी राखौं,
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं
- ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं,
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौं,
- खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ